# अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक आर्थिक अवस्थाको एक अध्ययन

इलाम जिल्ला सोयाङ्ग गा.वि.स.का अपाङ्गहरुको अध्ययन

त्रिभुवन विश्वविद्यालय,मानविकी सङ्काय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपुर्तिको लागि तयार पारिएको शोधपत्र

**निर्मल तिम्सिना**

**समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग**

**त्रि.वि.,कीर्तिपुर**

**२०६८**

# त्रिभुवन विश्वविद्यालय
# समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपूर

## सिफारिस पत्र

समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभागका छात्र निर्मल तिम्सिनाले ***अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक, आर्थिक अवस्था*** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । यस शोधकार्य प्रति म सन्तुष्ट छु र अन्तिम मुल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.......................................

उप प्रा.टिकाराम गौतम

समाजशास्त्र/मानवशास्त्र
त्रि.वि कीर्तिपुर

## त्रिभुवन विश्वविद्यालय
## समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपूर

### स्वीकृति-पत्र

यस विभागका छात्र निर्मल तिम्सिनाले तयार पार्नुभएको ***अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक, आर्थिक अवस्था*** *नामक* शोधपत्र समाजशास्त्र/मानवशास्त्र विषयमा स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ।

### शोधपत्र मूल्याङ्न समिति

**उप प्रा. टिकाराम गौतम (शोधनिर्देशक)**

.......................................

**डा. विनोद पोखरेल (वाह्य परीक्षक)**

.......................................

**प्रा.डा. ओम गुरुङ (विभागीय प्रमुख)**

.......................................

## कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय अन्तर्गत समाजशास्त्र केन्द्रीय विभाग कीर्तिपुरमा स्नातोकत्तर तह द्धितिय वर्षको आंशिक आवश्यकता परिपूर्तिको लागि मैले “अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक, आर्थिक अवस्था एक अध्ययन” विषयमा इलामा जिल्ला सोयाङ्ग गा.वि.स. मा रहेका अपाङ्गहरुको अध्ययन गरी यो शोधपत्र तयार पारेको हुँ ।

अपाङ्गता भएका मानिसहरु दिनानुदिन बढ्दो अवस्थामा रहेको वर्तमान परिवेशमा उनिहरुको आर्थिक, सामाजिक तथा शैक्षिक लगायतका विषयवस्तुलाई उठान गरि अध्ययन गर्ने कोशिस गरेको छु । यो शोधपत्रमा अपाङ्गता भएका व्यक्तिहरुको अवस्था तथा उनीहरुको पारिवारिक पृष्ठभूमि समेतलाई अध्ययन गरि तयार पारिएकोले आगामी दिनमा यही विषयसँग सम्बन्धित क्षेत्रमा काम गर्ने सरोकारवाला तथा अन्य सबैलाई उपयोगी हुने आशा गरेको छु ।

प्रस्तुत शोधपत्र तयार गर्न आवश्यक निर्देशन र सुझाव दिई सहयोग गर्नु हुने समाजशास्त्र मानवशास्त्र विभागका उपप्रमुख तथा सहप्राध्यापक श्री टिकाराम गौतमज्यूमा उहाँले गर्नुभएको शोधनिर्देशनको भूमिका तथा बाहृय परिक्षक डा. विनोद पोखरेल ज्यूप्रति उहाँले दिनुभएको आवश्यक निर्देशन प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै आवश्यक तथ्याङ्क उपलब्ध गराईदिने सोयाङ्ग गा.वि.स. अपाङ्ग संघका व्यक्तिहरु, गा.वि.स. कर्मचारीहरु तथा मेरो अध्ययनलाई यहाँसमम ल्याई पुऱ्याउन प्रत्येक क्षेत्रमा सहयोग गर्नुहुने आदरणीय पिता, माता प्रति हृदय देखीनै आभार प्रकट गर्दछु ।

शोधपत्र तयार गर्ने क्रममा प्रत्यक्ष सहयोग पुऱ्याउनु हुने मेरा दाजु दिदि तथा साथीहरु सुधा, प्रेम, ठाकुर, महेन्द्र, हिमा, सुजा, मञ्जु, प्रमेश, अशोक, राजु, पवन प्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा छिटो छरितो र शुद्ध रुपमा टङ्कन गरि सहयोग गर्नुहुने कम्प्यूटर सेन्टरका दाईहरुलाई धन्यवाद दिदै प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका निमित्त त्रि.वि. समाजशास्त्र/मानवशास्त्र विभाग समक्ष पेश गर्दछु ।

**शोधार्थी**

शैक्षिक सत्र : ०६४/०६५
मिति : २०६८/०६/०१

निर्मल तिम्सिना
समाजशास्त्र/मानवशास्त्र
केन्द्रिय विभाग

# विषयसूची

**पृष्ठ संख्या**


सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञता पत्र

विषयसूची

तालिकासूची

**अध्याय एक**

**परिचय**

| | |
|---|---|
| १.१. पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको उद्देश्य | ४ |
| १.४ अध्ययनको महत्व | ४ |

**अध्याय दुई**

| | |
|---|---|
| २. साहित्य समीक्षा | ५ |

**अध्याय-तीन**

**अनुसन्धान विधि**

| | |
|---|---|
| ३.१अनुसन्धान ढाँचा | ११ |
| ३.२ अध्ययन क्षेत्रको छनौट र औचित्य | ११ |
| ३.३ समग्र नमूना र नमूना छनोट | ११ |
| ३.४ तथ्याङ्क संकलन विधि | १२ |
| ३.४.१प्रश्नावली | १२ |
| ३.४.२अर्न्तवार्ता अनुसुची | १२ |
| ३.४.३अवलोकन | १३ |
| ३.५ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण | १३ |
| ३.६ अध्ययनको सीमा | १३ |

**अध्याय-चार**

## अपाङ्गहरुको सामाजिक,आर्थिक पृष्ठभूमि

४.१ उत्तरदाताको उमेरगत तथा लिङ्गगत विवरण १४

४.२ अपाङ्गताको किसिम १५

४.३ अपाङ्ग भएको समयको आधारमा १६

४.४अपाङ्ग हुने कारण १७

४.५ वैवाहिक स्थिति १८

४.६ शिक्षा १९

४.७ जातजाति २०

४.८ धर्म २१

४.९ भाषा २२

४.१० पेशा २३

४.११ स्वास्थ्य २४

४.१२ जमिन २५

## अध्याय पाँच

## अपाङ्ग व्यक्तिहरुको पारिवारिक स्थिति तथा भोग्नु परेको समस्या

५.१ जनसंख्या २७

५.२ अपाङ्ग व्यक्तिहरुको परिवारको आकार २८

५.३ अपाङ्गहरुको परिवारको शिक्षा २९

५.४ अपाङ्गहरुको आमाको शैक्षिक विवरण ३०

५.५ अपाङ्ग व्यक्तिहरुको अविभावकको पेशागत स्थिति ३१

५.६ आमाको पेशागत विवरण ३२

५.७ अपाङ्ग व्यक्तिहरुको हेरचाह सम्वन्धि विवरण ३३

५.८ अपाङ्गता भएका व्यक्तिहरु र सामाजिक जमघट ३४

५.९ अपाङ्ग व्यक्तिहरुलाई समाजले गर्ने व्यवहार ३५

५.१० अपाङ्गताको कारण अविभावकलाई परेको समस्या ३६

५.११ अरु छोराछोरीलाई अविभावकले दिने समय ३७

५.१२ अपाङ्गताको कारण अन्य छोराछोरीमा परेको समस्या ३८

५.१३ अपाङ्गताको उपचारले परेको आर्थिक समस्या ३८
५.१४ अविभावकको अपाङ्गहरुको भविष्य प्रतिको अवधारणा ३९

## अध्याय-६

## सारांश, मुख्य प्राप्तिहरु तथा निष्कर्ष

६.१ सारांश ४०
६.२ मुख्य प्राप्तिहरु ४२
६.३ निष्कर्ष ४५
**सन्दर्भसूचि** **४७**

# तालिकासूचि


| तालिका नं. | शिर्षक | पृष्ठ संख्या |
|---|---|---|
| तालिका न.४.१: | उत्तरदाताका उमेरगत तथा लिङ्गगत विवरण | १४ |
| तालिका न.४.२ | अपाङ्गताको किसिमको आधारमा वर्गीकरण | १५ |
| तालिका न.४.३ | अपाङ्ग भएको समयको आधारमा | १६ |
| तालिका न.४.४ | अपाङ्ग हुने कारणका आधारमा | १७ |
| तालिका न.४.५ | वैवाहिक स्थितिको विवरण | १८ |
| तालिका न.४.६ | शैक्षिक अवस्थाका आधारमा वर्गीकरण | १९ |
| तालिका न.४.७ | जातजातिका आधारमा अपाङ्ग मानिसहरुको विवरण | २० |
| तालिका न.४.८ | धर्मको आधारमा अपाङ्गहरुको विवरण | २१ |
| तालिका न.४.९ | भाषागत आधारमा अपाङ्गहरुको विवरण | २२ |
| तालिका न.४.१० | पेशाको आधारमा अपाङ्गहरुको वर्गीकरण | २३ |
| तालिका न.४.११ | अपाङ्गहरको स्वास्थ्य सुविधा सम्वन्धि विवरण | २४ |
| तालिका न.४.१२ | अपाङ्गहरुको जमिन स्वामित्व वारेको विवरण | २५ |
| तालिका न.५.१ | उमेर तथा लिङ्गको आधारमा अपाङ्ग व्यक्तिहरुको पारिवारिक सदस्यको विवरण | २७ |
| तालिका न.५.२ | परिवारको आकारको आधारमा अपाङ्गता भएकाको परिवारको विवरण | २८ |
| तालिका न.५.३ | अपाङ्गपन भएका व्यक्तिहरुको वुवाको शैक्षिक विवरण | ३० |
| तालिका न.५.४ | अपाङ्गहरुको आमाको शैक्षिक स्थिति | ३१ |
| तालिका नं.५.५ | अपाङ्ग व्यक्तिहरुको वुवाको पेशागत विवरण | ३१ |
| तालिका नं.५.६ | अपाङ्गहरुको आमाको पेशागत विवरण | ३२ |
| तालिका न.५.७ | अपाङ्ग व्यक्तिहरुलाई धेरै जसो हेरचाह गर्ने व्यक्तिको विवरण | ३३ |
| तालिका नं.५.८ | अपाङ्गहरुलाई सामाजिक जमघटमा संलग्न गर्ने सम्वन्धि विवरण | ३४ |
| तालिका नं.५.९ | अपाङ्गताहरुलाई समाजले गर्ने व्यवहार | ३५ |
| तालिका न.५.१० | अपाङ्गताको कारण अविभावकलाई परेको समस्या | ३६ |

| | | |
|---|---|---|
| तालिका नं.५.११ | अरु छोराछोरीलाई अविभावकले दिने समय | ३७ |
| तालिका नं.५.१२ | परिवारमा अन्य छोराछोरीलाई परेको समस्या | ३८ |
| तालिका न.५.१३ | अपाङ्गताको उपचारले परिवारमा परेको आर्थिक समस्या | ३९ |
| तालिका नं.५.१४ | जिम्मेवारी आधारमा उत्तरदाताहरुको दृष्टिकोणको विवरण | ४० |

# अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

मानवीय विकास भन्नाले व्यक्तिको शारीरिक, मानसिक, आर्थिक, सामाजिक, बौद्धिक लगायत सम्पूर्ण पक्षको औसत विकास भन्ने बुझिन्छ । यदि मानिसका कुनै पनि पक्षको विकास साधारण भन्दा कमजोर अवस्थाबाट हुन्छ भने विकासको मार्गमा अवरोध वा विकासात्मक विचलन भनिन्छ । सामान्यतया भन्नुपर्दा शारीरिक वा मानसिक दुवै रूपबाट साधारण मानिस भन्दा भिन्नै प्रकृतिको मानिसहरूलाई विकासात्मक बिचलन अवस्थाका मानिस भनिन्छ । शारीरिक रूपबाट असक्षम हुने भनेको वंशानुक्रम वा वातावरणीय कुनै पनि कारण हुन सक्छन् । यस भित्र अपाङ्ग अन्धा, बहिरा, सुस्तमनस्थिति वा यस्तै प्रकारका मानिसहरू पर्दछन् (शर्मा, २०६६) ।

नेपालको सर्न्दभमा अपाङ्गताको परिभाषा गर्दा शारीरिक अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याको भौतिक, सामाजिक, साँस्कृतिक वातावरणका साथै संचार समेतबाट सिर्जना भएको अवरोध समेतले दैनिक क्रियाकलाप सामान्य रूपमा संचालन गर्न एवं सामाजिक जीवनमा सहभागी हुन कठिनाई हुने अवस्था अपाङ्गता हो (अपाङ्ग, महासंघ, २०५६) ।

“अपाङ्ग” भन्नाले सामान्य दैनिकीचर्या गर्न शारीरिक वा मानसिक तवरले असमर्थ वा असक्षम भएको नेपाली नागरिकलाई सम्झनुपर्दछ । सो शब्दले कानो, अन्धो, बहिरो, लाटो, लठेब्रो, लुलो, कुंजो, लङ्गडो, खोरण्डो, डुँडो वा सुस्त मनःस्थिति भएको व्यक्तिलाई समेत जनाउँछ । साथै ऐनको दफा ३ को उपदफा २ बमोजिम अपाङ्ग निर्धारण सम्बन्धमा देहाय बेमोजिमको मापदण्ड तोकेको छ । “शारीरिक अपाङ्गता” दृष्टिविहिन, सुस्तमनस्थिति, बहिरा, मानसिक रोगी, अपाङ्गपन (नेपाल सरकार, २०३९) ।

साधारण मानिसहरू मानसिक वितरण पद्धति भन्दा फरक तहमा पर्ने मानिसहरू जो शारीरिक, वौद्धिक, मानसिक, सामाजिक रूपमा भिन्न प्रकृतिको हुन्छन् त्यसैलाई अपाङ्ग मानिस भनिन्छ  (शर्मा २०६६) ।

१८ वर्षको उमेर पार गरिसकेपछि पनि शारीरिक तथा वौद्धिक विकास नभएका तथा सापेक्ष क्रियाकलापहरू गर्न कठिनाई हुने व्यक्तिहरूले अपाङ्ग मनिस भनिन्छ (अपाङ्ग महासंघ, २०५६) ।

कुनैपनि व्यक्तिमा हुने शारिरिक, मानसिक तथा संवेदनात्मक विकृति जसले आफ्नो दैनिक कार्य सम्पादनमा वाधा पुचाएको हुन्छ त्यसलाई नै अपाङ्गता भनिन्छ (विशेष शिक्षा निति, २०५३) ।

शारीरिक वृद्धिको अनुपातमा मानसिक विकास नहुने विशेष परिस्थिति सुस्तमनस्थिति हो भने सानै उमेर देखि आँखा नदेख्ने, बहिरोपना, हात बाङ्गो हुने, खुट्टा छोटो लामो हुने खुट्टा खोच्याउने, बोली लेठेब्रो हुने जस्ता समग्र पक्षहरूको अवस्था नै अपाङ्गपन हो (सुस्त मनस्थिति अभिभावक संघ २०६०) ।

वैज्ञानिक अनुसन्धानद्वारा अपााङ्ग हुनुका २५० भन्दा बढी कारणहरू पत्ता लागिसकेको भएतापनि मुख्यतयाः बच्चा जन्मनु अगाडि हुनुका कारणहरूमा वंशानुगत गुण, आफ्नै गोत्रभित्र विवाह हुनु, आमालाई विभिन्न रोगहरू जस्तै 'जर्मन मिजल्स" वा दादुरा ( गर्भधारणाको तीन महिना भित्र हुनाले) इन्सेफलाइटिस, इन्फ्लुएन्जा र क्षयरोग, भिरङ्गी रोग वा मेनरियल डिजिज, आमालाई कुपोषित हुन जान्छ । यस्तै गरी आमाको कमजोरीपनले गर्दा सुत्केरी प्रक्रिया जटील हुन्छ र अपाङ्गपन देखापर्ने गर्दछ । त्यस्तै गरी गर्भधारण अवधिभरमा आमालाई स्वास्थ्य सेवा नभएमा आमाले लागुपदार्थ प्रयोग गरेमा पनि बच्चामा अपाङ्गपन देखा पर्दछ (विश्व स्वास्थ्य संगठन, २००६) ।

अपाङ्गताको बढ्दो स्थिति बारेमा विश्व जगतमा हेर्ने हो भने करोडौ मानिसहरु अपाङ्ग भएको विभिन्न सर्वेक्षणले देखाएको छ । त्यस्तैगरि विभिन्न किसिमको बैज्ञानिक विकास र शक्ति राष्ट्रवीचको आणविक होडबाजीले गर्दा शसस्त्र द्वन्द्वमा परि कयौ मानिसहरु अपाङ्गताको सिकार बन्नु परेको छ । नेपाल जस्तो २५.४ प्रतिशत गरिबीको रेखामूनि रहेको देशमा अशिक्षा, कुपोषण, स्वास्थ्य उपचारको कमि तथा अव्यवस्थित जीवनशैलीको कारण पनि अपाङ्गताको संख्यामा वृद्धि भएको छ । यहाँका करिब १०% मानिसहरु अपाङ्गपन भएको कुरा अपाङ्ग महासंघ नेपालले दावि गरेको छ भने पूर्वी पहाडि जिल्ला इलामको ०५८ को जनगणना तथ्याङ्क अनुसार अपाङ्गको संख्या १९२३ मध्ये महिलाको संख्या १०५७ रहेको छ भने पुरुष ८३३ रहेको तथ्याङ्क सार्वजनिक भएको भएतापनि त्यस पछिको विभिन्न सर्वेक्षणले करिब ५ हजारको हाराहारीमा अपाङ्गहरु रहेको अनुमानित रिपोर्ट प्रस्तुत गरिएको छ (जि.वि.स, २०६६) ।

## १.२ समस्याको कथन

विभिन्न समाजमा अपाङ्गपन भएका व्यक्तिहरूप्रति हेर्ने फरक दृष्टिकोण पाइन्छ । हाम्रो समाजमा अज्ञानताको बढी प्रभावले गर्दा यस स्थितिलाई समाधान हुन नसक्ने समस्या मानी एक सरापको रूपमा लिई यस्ता व्यक्तिहरूलाई समाजको बोझको रूपमा पनि लिने गरिन्छ । यिनीहरूलाई पूर्ण रूपमा सवल मानिस सरह बनाउन नसकिए पनि विशेष शिक्षा, तालिम र उपचार साथै उचित हेरविचारले समाजका व्यक्तिहरू सरह बनाउन सकिन्छ । जसले गर्दा यिनीहरू पनि देशका योग्य नागरिक बन्न सक्छन् ।

समग्र विश्व परिवेशमा हेर्ने हो भने करिब ७० करोड व्यक्तिहरू कुनै न कुनै रूपमा अपाङ्ग बन्न पुगेका छन् भने यसको दर अल्पविकसित तथा विकासोन्मुख राष्ट्रमा बढी रहेको छ । नेपालको परिवेशमा हेर्ने हो भने झण्डै १० प्रतिशत अपाङ्गहरू रहेको तथ्य सार्वजनिक भएको छ । अपाङ्गता एउटा विकराल समस्या हो र यस किसिमको समस्या जसलाई पनि हुन सक्छ । विभिन्न किसिमको दुर्घटना, रोगको कारण, जन्मदै अपाङ्गपन तथा द्वन्दको कारणले  अपाङ्गपन भएका मानिसहरूको संख्या दिन प्रतिदिन बढ्दो अवस्थामा रहेको छ । विकसित मुलुकहरूमा अपाङ्ग मानिसहरूको लागि सरकारले सहयोग गरी रोजगारी तथा सुरक्षाको व्यवस्था गरेको छ भने नेपाल जस्तो गरिब राष्ट्रमा यस्ता व्यक्तिहरूको लागि केही पनि गर्न सकेको छैन भने कहीं कतै बनेका ऐन, कानुनका पनि कागजमा सीमित भईरहेको अवस्थामा अपाङ्गता भएका व्यक्तिहरूको सही पहिचान गरी व्यवस्थित र समाजशास्त्रीय अध्ययन गर्नु आजको आवश्यकता भएको छ । अहिलेको वैज्ञानिक युगमा आउँदा पनि यस्ता व्यक्तिहरूको व्यवस्थित र समाजशास्त्रीय अध्ययन भने खासै भएको पाइदैन । उनीहरूको पनि समाजका अन्य सदस्यहरू सरह अवसर पाएमा समाजमा ठूलो योगदान दिन सक्छन् भन्ने पुष्टि गर्नको लागि समाजशास्त्रीय अध्ययनको खाँचो देखिन्छ ।

उर्पयुक्त कुरालाई ध्यानमा राखी यस अध्ययनबाट निम्न लिखित प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१. अपाङ्ग भएका व्यक्तिका कारण परिवारले कस्तो समस्या भोग्नु परेको छ ?
२. समाजले अपाङ्ग मानिसहरुलाई हेर्ने दृष्टिकोण कस्तो छ साथै परिवारका सदस्यले उनीहरु प्रति गर्ने व्यवहार कस्तो छ ?
३. अपाङ्गसँगै सम्बन्धित विभिन्न संघ, संस्था तथा राष्ट्रिय/अन्तराष्ट्रिय स्तरबाट कस्तो सहयोगको व्यवस्था र अपाङ्गहरुले कस्तो सहयोग पाएका छन् ?

४. अध्ययनमा समेटिएका अपाङ्ग व्यक्तिहरुको परिवारको सामाजिक, आर्थिक अवस्था कस्तो छ ?

५. अपाङ्गपन भएका व्यक्तिहरुको दैनिकी कसरी सञ्चालन भएको छ ?

६. अपाङ्गता भएका व्यक्तिहरुको परिवारमा सामान्य भन्दा फरक प्रकृतिका समस्या छन् /छैनन् ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको साधारण उद्देश्य अपाङ्गता भएका मानिसहरू तथा तिनीहरूको परिवारमा परेको प्रभावको विश्लेषण गर्नु रहेको छ। यस अध्ययनको निम्न लिखित विशिष्ट उद्देश्यहरू रहेका छन्।

(क) इलाम जिल्ला सोयाङ्ग गा. वि. स. भित्र रहेका अपाङ्गता भएका मानिसहरूको सामाजिक, आर्थिक पृष्ठभूमि अध्ययन गर्ने।

(ख) अध्ययन क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरुको पारिवारिक स्थिति तथा परिवारमा उनीहरुको प्रभाव विश्वेषण गर्नु।

(ग) अध्ययन क्षेत्रका अपाङ्गता भएका मानिसहरूको शैक्षिक अवस्थाको विश्लेषण गर्नु।

## १.४ अध्ययनको महत्व

यस अध्ययनको मुख्य महत्वपूर्ण पक्षहरु निम्न रहेका छन्।

(क) अपाङ्गता भएका मानिसहरू प्रति सामाजिक, आर्थिक, पारिवारिक अवस्थाको बारेमा जानकारी दिलाउन खोजेको छ।

ख) यस अध्ययनले अपाङ्गहरुको अध्ययनमा अपनाउन सकिने साधारण विधिको जानकारी गराउँछ।

ग) यस अध्ययनले सोयाङ्ग गा.वि.स.का फरक क्षमता भएका व्यक्तिहरुको सामाजिक, आर्थिक अवस्था र शैक्षिक स्थितिको विवरण प्रष्ट पार्दछ।

घ) यस अध्ययनले समाजमा पह्चिान स्थापित गर्न नसकेको अपाङ्ग व्यक्तिहरुको उत्थानका लागि प्रभावकारी भूमिका खेल्न सहयोग पुऱ्याउछ।

# अध्याय दुई

## साहित्य समीक्षा

कुनै पनि अनुसन्धानका लागि त्यस विषयवस्तुसँग सम्बन्धित विभिन्न साहित्य तथा सन्दर्भ सामाग्रीहरूको अध्ययन महत्वपूर्ण हुन्छ । सन्दर्भ सामग्रीको अध्ययन बिना अनुसन्धान उद्देश्यपूर्ण हुन सक्दैन त्यसैले यस अनुसन्धानमा पनि यसैसँग सम्बन्धित सार्न्दभिक पाठ्यक्रम, सरकारी तथ्याङ्क, सरकारी तथा गैरसरकारी संघ संस्थाका सर्वेक्षणहरू तथा बुलेटिनहरूको समीक्षा गरिएको छ ।

विकासको क्रमसँगै चिकित्सा विज्ञानमा भएको उपलब्धी र विश्व परिवेशमा रहेको मानवीय व्यवहारको कारण विगतका शताब्दीहरूमा भन्दा हाल आएर अपाङ्गता हुने कारणहरूमा केही सुधार वा भिन्नता देखा परेको छ । गरिबीका कारण गर्भमा रहँदा पर्याप्त पोषण नहुनु, समयमा रोगको निदान नहुनु, उचित औषधि उपचार हुन नसक्नु जस्ता कारणबाट अपाङ्गता हुने क्रममा एकातिर केही सुधार आएको देखिएको छ भने अर्कोतिर दुर्घटना, शसस्त्र द्वन्द्व, वंशानुगत विचलन, प्राकृतिक प्रकोप र जोखिमपूर्ण कार्यस्थल आदिबाट अपाङ्गताको कारणहरू र यसको दरमा वृद्धि भईरहेको छ (पोखरेल, ०६५/६६) ।

विश्वमा करिब ७० करोड व्यक्तिहरू कुनै न कुनै (शारीरिक र मानसिक) रूपले अपाङ्ग बन्न पुगेका छन् भने त्यसको दर अल्पविकसित र विकासोन्मुख मुलुकहरूमा करिब तेब्बर रहेको छ । अपाङ्गताको दर सबैभन्दा बढी एसिया प्रशान्त क्षेत्रमा छ जहाँका करिब ४० करोड देखि ४५ करोड व्यक्तिहरू अपाङ्ग रहेका छन् (यूनिसेफ) । ती राष्ट्रहरूमा गरिबी व्याप्त छ । यस्ता मुलुकहरूमा ८० प्रतिशत भन्दा बढी अपाङ्गता भएका व्यक्तिहरू तिनका परिवार र प्रत्यक्ष सरोकारवालाहरूको कुरा गर्दा यस्ता क्षेत्रहरूमा बहुसंख्यक व्यक्तिहरू कुनै न कुनै रूपबाट अपाङ्गतासँग जोडिएका छन् । सन् २००६ मा विश्व स्वास्थ्य संगठनले गरेको सर्वेक्षणमा विकासोन्मुख मुलुकहरूमा १० प्रतिशत अपाङ्गहरू रहेको तथ्य सार्वजनिक गरिएको छ भने नेपालमा पनि जम्मा जनसंख्याको १० प्रतिशत नै अपाङ्ग रहेको दाबी अपाङ्ग महासंघ नेपालले गरेको छ तापनि सन् १९८० मा अन्तर्राष्ट्रिय अपाङ्ग वर्ष समितिको सर्वेक्षणले नेपालमा अपाङ्गता भएका जनसंख्या ३ प्रतिशत रहेको तथ्याङ्क सार्वजनिक गरेको थियो । त्यस्तैगरी सन् १९८३ को नमूना सर्वेक्षणका आधारमा नेपालमा करिब ३ प्रतिशत नै

अपाङ्गता भएका व्यक्तिहरू रहेको अनुमान गरिएको थियो । त्यस्तैगरी सन् २००१ मा राष्ट्रिय योजना आयोगको अध्ययनले नेपालमा १.६३ प्रतिशत मात्र अपाङ्ग भएका मानिसहरूको तथ्याङ्क सार्वजनिक गरेको थियो । तर सन् २००२ को राष्ट्रिय जनगणनामा जम्मा ०.४५ प्रतिशत मात्र अपाङ्ग रहेको तथ्य केन्द्रिय तथ्याङ्क विभागले दिएको थियो । यस्तैगरी सन् २००४ को वर्ल्डभिजन इन्टरनेशनलको अपाङ्गता सर्वेक्षणले नेपालमा ४.८७ प्रतिशत अपाङ्गहरू रहेका दाबी सहित तथ्याङ्क निकालिएको थियो । अपाङ्गताको विश्व समुदायमा बढ्दो स्थिति रहेको अवस्थामा अपाङ्गहरुको संख्या विश्वभरमा कति रहेको छ भन्ने विषयमा U.S. census 2011 ले दिएको तथ्याङ्क अनुसार अल्पविकसित मूलकमा १२ प्रतिशत रहेको तथ्याङ्क सार्वजनिक गरेको छ भने विश्व स्वास्थ्य संगठनले 20 Jun 2011 मा निकालेको प्रतिवेदन अनुसार १५ प्रतिशत अर्थात १ विलियन भन्दा बढी अपाङ्गता भएका व्यक्तिहरु रहेको तथ्याङ्क निकालेको छ । विश्व स्वास्थ्य संगठनका तथ्याङ्क अनुसार प्रत्येक सातजनामा १ जना अपाङ्ग हुने गरेको पाइएको उल्लेख गरेको छ । यसरी अपाङ्गहरुको विवरण तयार पार्दा निम्न बमोजिमका समस्याहरु भएकालाई समेत अपाङ्ग मानिएको छ । हेराई सम्बन्धी, सुन्नमा कमजोर, बोल्न नसक्ने सम्झन नसक्ने अर्थात अरुको सहायत चाहिने जुन सुकै व्यक्तिहरुलाई पनि अपाङ्ग भनिएको छ । वास्तवमा नेपालमा कति अपाङ्ग भएका व्यक्तिहरू रहेका छन् भन्ने यकिन तथ्याङ्कहरू नभएपनि विभिन्न गैरसरकारी संघ/संस्थाद्वारा गरिएको नमूना सर्वेक्षणको आधारमा ३ देखि ८ प्रतिशत भएको पाइएको छ । विगत दशकमा जनयुद्धका कारण हजारौं लडाकुहरू, सुरक्षाकर्मी र सर्वसाधारणहरू अपाङ्ग बन्न पुगेका छन् । यसरी समष्टिगत रूपमा भन्ने हो भने नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको संख्या २५ देखि ३० लाख सम्म रहेको अपाङ्गता क्षेत्रमा कार्यरत संघ संस्थाको अनुमान रहेका छ (उपाध्याय, २०६६) ।

मेरीनोल फर्दिस परियोजनाले र गैर सरकारी संस्थाले गरेको विश्वव्यापी सर्वेक्षण अनुसार ४.०६ प्रतिशत वा ७२०,००० व्यक्तिहरू सुस्तमनस्थितिको समस्यावाट पिडित छन् । जसमध्ये ४० प्रतिशत व्यक्तिहरु १४ वर्षभन्दामुनि उमेरका छन् । त्यस्तै १९८९ मा सुस्तमनस्थिति कल्याण संस्थाले गरेको सर्वेक्षण अनुसार ४.९० प्रतिशत मानिसहरु सुस्तमनस्थितिवाट पिडित भएका छन् (सुस्तमनस्थिति कल्याण संस्था,२०६०) ।

समयको क्रमसँगै अपाङ्गता हक, हित र अधिकारको लागि विश्वव्यापीरूपमा नै घोषणा, ऐन, नियम, कार्यक्रमहरू बनाइएता पनि वास्तविक रूपमा कार्यान्वयन कमै

मात्रामा भएको देखिन्छ । यसै सन्दर्भमा संयुक्त राष्ट्रसंघले सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणा गरे पश्चात सर्वप्रथम सुस्तमनस्थिति भएका व्यक्तिहरूका लागि सन् १९७१ मा र अपाङ्गता भएका व्यक्तिहरूका लागि सन् १९७५ मा मानव अधिकारको प्रत्याभूति हुने दस्तावेजको घोषणा गरेको थियो । नेपालमा वि.सं. २०२१ देखि दृष्टि विहिनका लागि, वि. सं. २०२३ देखि सुस्तमनस्थितकि लागि र वि. सं. २०२६ देखि शारीरिक अपाङ्गका लागि शिक्षाको थालनी भएको पाइन्छ (कार्य योजना २०६३) ।

अपाङ्ग व्यक्तिहरूका लागि अन्य सामान्य व्यक्ति सरह अधिकारको सुनिश्चित गर्दै औषधि, उपचार, तालिम, पुर्नस्थापना, सरसल्लाह, आर्थिक सुरक्षा, क्षमता अनुसार लाभदायक पेशा गर्न, परिवारसँग बस्न, योग्य अभिभावक छान्न, दुर्व्यवहार र शोषणबाट बच्न आवश्यक कानुनी संरक्षण लिन पाउने अधिकारहरू सुनिश्चित गरिएको छ । अपाङ्गहरूको साथमा रहेमा त्यस्ता अभिभावकहरूले सहयोग गर्नुपर्ने समेतलाई अधिकार कै रूपमा प्रत्याभूत गरेको छ ।

अपाङ्ग व्यक्तिहरूका लागि अन्य सामान्य व्यक्ति सरह अधिकारको सुनिश्चित गर्दै औषधि, उपचार, तालिम, पुर्नस्थापना, सर-सल्लाह, आर्थिक सुरक्षा, क्षमता अनुसार लाभदायक पेशा गर्न, परिवारसँग बस्न, योग्य अभिभावक छान्न, दुव्यवहार र शोषणबाट बच्न आवश्यक कानुनी संरक्षण लिन पाउने अधिकारहरू सुनिश्चित गरिएको छ । अपाङ्गहरूको साथमा रहेमा त्यस्ता अभिभावकहरूले सहयोग गर्नुपर्ने समेतलाई अधिकार कै रूपमा प्रत्याभूत गरेको छ (UN, १९७१) ।

अपाङ्गहरूको हितको संरक्षण तथा सम्बर्द्धन गर्न, अपाङ्ग हुने परिस्थितिको रोकथाम गरी निराकरण गर्न, अपाङ्गहरूको स्वास्थ्य शिक्षा, स्याहार, तालिम र उनीहरूको समानताको हक तथा रोजगारी समेतको कल्याणकारी आवश्यक व्यवस्था गरी अपाङ्गलाई समाजकै सक्षम सदस्य सक्रिय रूपमा उत्पादनशील नागरिक बनाउन वाञ्छनीय भएकोले यसको कार्यान्वयनको लागि ऐनमा नै व्यवस्था गरिएको छ (नेपाल सरकार,२०३९) ।

अपाङ्ग व्यक्तिहरूको अन्तराष्ट्रिय एशिया प्रशान्त क्षेत्रीय परिषदले यस क्षेत्रका “अपाङ्ग व्यक्तिहरूको क्षमता अभिवृद्धि तालिम तथा सम्मेलन” अपाङ्ग व्यक्तिहरूका लागि समाहित अवरोधमुक्त अधिकारमा आधारित समाज स्थापनाको नारा सहित काठमाडौंमा सम्पन्न भएको थियो । जसमा करीब २८ मुलुकका १०० भन्दा वढी अपाङ्ग व्यक्तिहरूको सहभागिता

रहेको थियो । यस सम्मेलनको मूख्य उद्देश्य अपाङ्ग यूवा नेतृत्व विकास र संयुक्त राष्ट्र संघीय विभिन्न घोषणाहरूको प्रभावकारी रूपमा कार्यान्यवन गराउनु रहेको थियो ।

१. नीति निर्माणको सम्पूर्ण तह विशेषगरी सहकारीता अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गराउने संयन्त्रको स्थापना गर्ने ।

२. अपाङ्गता भएका महिलाहरूलाई समान सहभागिताको आधारमा नीति निर्माणको तहमा सहभागी गराउनुका साथै उनीहरूका विरूद्धमा रहेका भेदभावपूर्ण विद्यमान नियम कानूनहरूलाई संशोधन गर्न लगाउने ।

३. अपाङ्गता भएका व्यक्तिहरूको सहज पहुँचसम्बन्धी विद्यमान नियम कानुनलाई प्रभावकारी रूपमा लागु गराउन तथा त्यस्ता नीति नियम नभएका राष्ट्रहरूमा सो सम्बन्धी नीति नियम बनाउन लगाई लागु गराउने ।

४. बहिरा तथा सुस्तश्रवण भएका व्यक्तिहरू र दृष्टिविहिन व्यक्तिहरूको लागि सञ्चारको प्रभावकारी विकास गर्न साँकेतिक भाषा र ब्रेल लिपिको यथोचित विस्तार गरि ती भाषाहरूलाई राष्ट्रिय मान्यता प्राप्त गराउने ।

५ .अपाङ्गता भएका व्यक्तिहरूले प्राप्त गरेको शिक्षा र सीपको आधारमा समान रोजगारीका अवसरहरू दिलाउने ।

६. अपाङ्गता भएका व्यक्तिहरूद्वारा सञ्चालित संघ/संस्थाहरूको विकास गर्नुका साथै तिनलाई सशक्त तुल्याउन जनचेतना अभिवृद्धि गर्ने ।

७ .उप-क्षेत्रीय कृयाकलापहरूलाई विस्तार गर्नका लागि उपक्षेत्रीय साझा अपाङ्ग मञ्चको स्थापना गर्ने (काठमाडौ घोषणापत्र, २००४) ।

अनुमानित ४० करोड अपाङ्गहरू एशिया तथा प्रशान्त क्षेत्रमा राष्ट्रिय विकासमा योगदान दिन सक्ने क्षमता भएका र उनीहरूको आफ्ना सामूहिक कृयाकलापहरूको माध्यमबाट आ-आफ्ना समुदायहरूमा बद्दो रूपमा परिवर्तनका बाहक भएको भएतापनि बहुसङ्ख्यक अपाङ्ग भएका व्यक्तिहरू अझै पनि शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा जस्ता आधारभूत आवश्यकताबाट बञ्चित छन् भने गरिब जनताको लगभग २० प्रतिशत

हिस्सा ओगटेका छन् भने कुरा स्वीकार गरि अपाङ्गहरूको उत्थानको लागि सुचना, सञ्चार, रोजगार र प्रविधिहरूको क्षेत्रमा पहुँच बढाई आर्थिक रूपमा सबल बनाउन दशक मनाउने निर्णय गरेको थियो (विस्तारीत दशक, २०६१) ।

अपाङ्गहरूलाई राज्यको विभिन्न अङ्गहरूमा समान सहभागिताको सुनिश्चितताको लागि नेपाल सरकारले निजामती सेवामा आरक्षणको व्यवस्था गरेको छ जसमा शतप्रतिशतमा गणना गर्दा ५ प्रतिशत अपाङ्गहरूले प्रत्यक्ष संलग्न हुने अवसर पाएका छन् भने अपाङ्गहरूले राज्यबाट पाउने सेवा सर्वसलभ बनाउनको लागि अपाङ्गताको प्रकृति हेरि परिचयपत्र वितरणको निर्देशिका कार्यान्वयनमा आएको छ । परिचयपत्रलाई विभिन्न ४ भागमा विभाजन गरि वितरण गरिएको छ जसमा पूर्ण अशक्तलाई रातो रङ्ग, अति अशक्तलाई निलो माध्यम अपाङ्गतालाई पहेलो, सामान्य अपाङ्गलाई सेते रङ्गको कार्डमा परिचयपत्र वितरणको कार्य भएको छ जसले गर्दा समाजिक रूपमा पहिचानको लागि सहज भएको छ भने नेपाल सरकारले परिचय पत्रको आधारमा दिएको भक्ताले केही हदसम्म आर्थिक सहयोग पुगेको छ (निर्देशिका, २०६६) ।

विभिन्न सर्वेक्षणले अपाङ्गहरूको स्थितिको बारेमा अध्ययन गरेपनि पछिल्लो समयमा विश्व बैङ्कको तथ्याङ्क अनुसार अपाङ्गता भएका मानिसहरूको सहभागिताको सुनिश्चितता नभएको कारणले गर्दा विकसित राष्ट्रहरूमा बार्षिक रूपमा १.३७ देखि १.९४ ट्रिलियन अमेरिकी डलर सम्म घाटा हुने तथ्याङ्क सार्वजनिक गरेको छ भने नेपाल जस्तो द्वन्द्वग्रस्त र अल्पविकसित राष्ट्रमा सम्पूर्ण अपाङ्गहरूको समावेशी प्रतिनिधित्वको लागि विभिन्न किसिमका तालिम, रोजगारी र शसक्तिकरणका लागि तल्लो स्तर देखि नै पहल गरि देशलाई हुने घाटा रकमलाई परिपूर्ति गर्नका लागि विशेष पहल कदमी हुन आवश्यक भएको छ । यसरी विभिन्न क्षेत्रमा सबल बनाई सही प्रतिनिधित्व गराई अपाङ्गहरूको आर्थिक सामाजिक उन्नतिका लागि अग्रसर हुनुपर्ने उल्लेख भएको छ (Ghimire, 2010) ।

अपाङ्ग, व्यक्तिहरूको अन्तर्राष्ट्रिय एसिया प्रशान्त क्षेत्रीय परिषद्ले यस क्षेत्रका "अपाङ्ग व्यक्तिहरूको क्षमता अभिवृद्धि तालिम तथा सम्मेलन" अपाङ्ग व्यक्तिहरूका लागि समाहित अवरोधमुक्त, अधिकारमा आधारित समाज स्थापनाको नारा सहित २०६० फाल्गुन १ देखि ५ सम्म काठमाडौंमा सम्पन्न भएको थियो भने सन् १९८१ मा स्थापना भएको

अन्तर्राष्ट्रिय अपाङ्ग जनपरिषद्को एसिया प्रशान्त क्षेत्रीय सम्मेलन सन् २०१० जून २० तारिखमा सम्पन्न भयो । जसमा नेपालका श्री वीरेन्द्र पोखरेल दक्षिण एसिया उप-क्षेत्रीय परिषद्को अध्यक्ष पदमा सर्वसहमतीबाट निर्वाचित हुनु आपाङ्गको क्षेत्रमा एउटा गौरब कुरा भएको छ । जसले गर्दा अपाङ्गको क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोग र सहकार्य हुनेमा भरपुर आशा गर्नु उर्पयुक्त हुनेछ (चौमासिक, ०६७) ।

# अध्याय-तीन
## अनुसन्धान विधि

कुनै पनि विषय माथिको गहन तथा विश्लेषणात्मक अध्ययन नै अनुसन्धान हो । हरेक अनुसन्धानका लागि निश्चित पद्धति, प्रक्रिया हुन्छन् । अनुसन्धान पद्धति तथा प्ररचनाहरू जति व्यवस्थित र संगठित हुन्छन् । त्यति नै परिमाणहरू सत्य र तथ्यको नजिक हुन्छ । यस अनुसन्धानमा अनुसन्धानकर्ताबाट निम्न विधिको प्रयोग गरेर आफ्नो उद्देश्यपूर्ण गर्ने तर्फ कदम चालिएको छ ।

### ३.१अनुसन्धान ढाँचा

यस अध्ययनमा प्रयोग गरिएको अनुसन्धान ढाँचा मुख्यतया दुई प्रकारको रहेको छ । जस अन्तर्गत वर्णानात्मक अनुसन्धान ढाचाँ र खोजमूलक अनुसन्धान ढाँचा रहेका छन् । वर्णानात्मक अनुसन्धान ढाँचा अन्तर्गत अपाङ्ग व्यक्तिहरुको सामाजिक, आर्थिक, शैक्षिक लगायतका विषयहरुको वर्णन गरिएको छ । त्यस्तैगरि खोजमूलक अनुसन्धान ढाँचा अन्तर्गत अपाङ्ग व्यक्तिहरुका परिवारिक पृष्ठभूमि र अपाङ्गताका कारणले गर्दा घरपरिवार र समाजमा पर्न गएको प्रभावको वारेमा अध्ययन गरिएको थियो ।

### ३.२ अध्ययन क्षेत्रको छनौट र औचित्य

अध्ययन क्षेत्रको लागि इलाम जिल्लाको सोयाङ्ग गा. वि. स. अन्तर्गत रहेका अपाङ्ग व्यक्तिहरूलाई लिइएको छ । आजसम्म पनि यहाँका अपाङ्ग व्यक्तिहरूको बारेमा कुनैपनि किसिमको अध्ययन नभएको र अपाङ्गहरुको विश्वव्यापी रुपमा बढ्दो स्थिती र सामाजिक रुपमा अपाङ्गहरुमाथि हुने दुर्व्यवहार र उनीहरुको अवसरको सुनिश्चिताको लागि आगामी दिनहरुमा केही मात्रामा सहयोगको लागि उक्त क्षेत्रलाई अध्ययन क्षेत्रको लागि छनोट गरिएको हो ।

### ३.३ समग्र नमूना र नमूना छनोट

यस अध्ययनमा इलाम जिल्ला स्थित सोयाङ्ग गा. वि. स. मा रहेका जम्मा ११७ जना अपाङ्गहरु मध्ये शारिरिक अपाङ्ग ६९, बहिरा १७ जना, सुस्तमनस्थिती १७ जना, दृष्टिविहिन

१४ जनालाई छुट्टाछुट्टै समूहमा वर्गीकरण गरि प्रत्येकबाट २५% हुने गरि  २९ जनालाई उद्देश्यपूर्ण नमूना छनोट विधि प्रयोग गरी अनुसन्धान गरिएको छ । छनोट गरिएको व्यक्तिहरूका अभिभावक, परिवारका सदस्यहरूलाई आवश्यकता अनुरूप तयार पारिएको प्रश्नको सूचीको आधारमा प्रश्नावली भर्न लगाई मात्रात्मक र गुणात्मक तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.४ तथ्याङ्क संकलन विधि

प्रस्तुत अध्ययनको लागि अनुसन्धानमा प्रयोग भएका विधिहरु मध्ये केही प्रमुख विधिहरु नै अंगिकार गरिएको छ । अनुसन्धानका लागि प्रयोगमा आएका विधिहरु निम्न अनुसार रहेका छन् ।

#### ३.४.१ प्रश्नावली

यस अध्ययनमा अपाङ्ग भएका व्यक्तिहरु तथा तिनका परिवारको अध्ययनका लागि तयार पारिएको प्रश्नवालीका आधारमा उर्पयुत्त तथ्यहरु संकलनका लागि अपनाइएको तरिका हो जुन विधिले उनीहरुका वारेमा केहि तथ्य पत्ता लगाउन सजिलो हुने भएकाले यो विधि वाट तथ्याङ्क संकलन गरिएको थियो । प्रश्नावली विधिमा पूर्वनिर्धारित प्रश्नलाई उत्तरदाता सामु हुलाक वा अन्य मानिसहरुद्धारा पठाइन्छ । प्रश्नावली विधिबाट प्रश्नमा समावेश गरिएका विषयवस्तुहरु मात्र उठान हनु गर्दछ । यस अध्ययनमा अनुसन्धानकर्ता आफै उत्तरदाताहरुलाई भेटी संरचित प्रश्नहरु भर्ने काम भयो । जस अन्तर्गत अपाङ्गहरुको उमेर, पेशा, शिक्षा, जमिन, धर्म, वैवाहिक स्थिति, जातजातिगत अवस्थाको वारेमा तथ्याङ्क संकलन गरिएको थियो ।

#### ३.४.२ अर्न्तवार्ता

यस अर्न्तगत अर्धसंरचित प्रश्नावली बनाई जनसांख्यिक,सामाजिक,आर्थिक तथा अपाङ्ग प्रति परिवारको दृष्ट्रिकोण सम्वन्धि तथ्याङ्कहरु संकलन गरिएको थियो । उतरदाताको रुपमा अपाङ्ग व्यक्तिहरु तथा तिनको परिवारलाई लिइएको थियो । जसमा उनीहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रश्न सोधेर उत्तर खोज्ने गरिन्छ जसले गर्दा गुणात्मक तथ्याङ्क संकलनमा सहयोग पुगेको थियो । यस अन्तर्गत व्यक्तिका विगतको अनुभव, अपाङ्गताको

कारण, अपाङ्गताको भोगाई प्रतिको अनुभव, भविष्यको संभावित व्यवहार र उत्तरदाताको अपेक्षित चाहाना जस्ता कुराहरुको अर्न्तवार्ताको माध्यमवाट तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.४.३ अवलोकन

अपाङ्गपन भएका व्यक्तिहरुको अध्ययन प्रश्नावलीका माध्यमवाट मात्रै गर्न नसकिने भएकाले अध्ययनका लागि अवलोकन विधि अपनाइएको थियो । यस विधिवाट अपाङ्ग व्यक्ति र परिवारको स्थितिवारे धेरै कुरा थाहा पाउन सकिने भएकोले यस अध्ययनमा पनि यो विधि अपनाइएको थियो । अपाङ्ग व्यक्तिहरुको दिनचर्या,उनीहरुको साथी र अभिभावकको व्यवहार र पारिवारिक स्थिति साथै अपाङ्ग व्यक्तिहरुको घर, खाना, कपडा समाजिक जमघट, अरु समुदायले गर्ने व्यवहार, उपचार जस्ता मनोबैज्ञानिक कुरा नजिकबाट अवलोकन गरिएको थियो ।

## ३.५ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

स्थलगत अध्ययनको क्रममा संकलित तथ्याङ्कलाई तिनीहरूको प्रकृतिको आधारमा गुणात्मक र संख्यात्मक रुपमा वर्गीकरण गरि मात्रात्मक तथ्याङ्कहरूलाई तालिकिकरण गरि प्रस्तुती गरिएको छ भने गुणात्मक तथ्याङ्कहरुलाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरि सामान्यीकरण गरिएको छ ।

## ३.६ अध्ययनको सीमा

कुनैपनि अनुसन्धान कार्य गर्दा यसको समय, सीमा तोकिएकौ हुनु पर्दछ । खासगरी प्रस्तुत शोधपत्रमा अपाङ्गताहरुको बारेमा अध्ययन गरिएको र देशभरि छरिएर रहेका अपाङ्गताहरुको अध्ययन गर्न संभव नहुने र भएता पनि समय र बजेटको धेरै आवश्यकता पर्ने भएकोले इलाम जिल्लाको सोयाङ्ग गा.वि.स. मा रहेका अपाङ्गहरुको सामाजिक, आर्थिक, शैक्षिक लगायतका विषयहरुलाई जम्मा अपाङ्गहरु मध्येबाट दैविक नमुना छनोट विधि अपनाई २९ जनालाई उद्देश्यपूर्ण नमूना छनोटमा लिइएको छ । यसरी एक ठाउँमा मात्र सिमित रहि गरेको अध्ययनको सम्पूर्ण अपाङ्गहरुको सामान्यीकरणमा लागू नहुन पनि सक्छ जुन यस अध्ययनको सीमा हो ।

## अध्याय-चार

## अपाङ्गहरुको सामाजिक,आर्थिक पृष्ठभूमि

प्रस्तुत अध्यायमा अपाङ्गतापन भएका मानिसहरुको, सामाजिक, आर्थिक, धार्मीक, जातिगत पृष्ठभूमि माथि प्रकाश पार्ने प्रयास गरिएको छ । जस अर्न्तगत अपाङ्गहरुको जनसंख्या,उमेर तथा लिङ्गगत विभाजन, जातजाति, धर्म, भाषा, पेशा, शिक्षा, आम्दानी, स्वास्थ्यआदि विषय माथि छुटाछुटै वर्णन सहित तालिकामा प्रस्तुत गरिएको छ ।

### ४.१ उत्तरदाताको उमेरगत तथा लिङ्गगत विवरण

कनैपनि अध्ययनको महत्वपूर्ण पक्ष त्यस अध्ययनमा संलग्न हुने उमेरगत र लिङ्गगत जनसंङख्याको विवरण हो । जुन विवरण विना अध्ययनको उदेश्यको प्राप्ति हुदैन । त्यसैले यस अध्ययनमा उमेर र लिङ्ग अनुसारको जनसंख्यालाई तालिका न.४.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१ उत्तरदाताका उमेरगत तथा लिङ्गगत विवरण**

| क.स. | उमेर समुह | बाह्मण/क्षेत्री | | जनजाति | | दलित | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | | |
| १ | २०बर्षमुनि | २ | १ | ४ | ३ | १ | - | ११ | ३७.९३ |
| २ | २०देखि३४सम्म | २ | ३ | २ | ३ | - | - | १० | ३४.४८ |
| ३ | ३५देखि५०सम्म | ३ | - | २ | १ | - | - | ६ | २०.६८ |
| ४ | ५०देखि माथि | १ | - | – | - | १ | - | २ | ६.८९ |
| जम्मा | | ८ | ४ | ९ | ७ | २ | – | २९ | १०० |

स्रोतः-स्थलगत अध्ययन,२०६८

तालिका नं. ४.१ अनुसार उक्त क्षेत्रका अपाङ्गहरुको अध्ययन गर्दा पाइएको तथ्याङ्क अनुसार सबैभन्दा धेरै २० वर्षमूनिका व्यक्तिहरुमा अपाङ्गपन पाइएको थियो जस अर्न्तगत अध्ययनमा समेटिएका सम्पूर्ण संख्या मध्ये जन्मदै अपाङ्ग हुनेको संख्या बढी रहेको र त्यसमा पनि २० वर्षमूनिका धेरै रहेको पाइएको थियो । त्यस्तैगरी २० देखि ३४ वर्ष समूहका व्यक्तिहरु ३४.४८ प्रतिशत वा १० जनामा अपाङ्गपन वढी पाइयो यस समूहलाई जातिगत आधारमा देर्हा बाहुन क्षेत्री र जनजातिमा बराबरी रहेको पाइयो । ३५ वर्ष देखि माथि उमेर समूहका व्यक्तिहरुमा अपाङ्गपन केही मात्रामा कमि देखिएको यसले पुष्टि हुन्छ भने विगतमा भन्दा वर्तमान अपाङ्गताको दर बढ्दो देखिन्छ ।

## ४.२ अपाङ्गताको किसिम

नेपालमा अपाङ्गपन भएका मानिसहरुको संख्यामा अपाङ्गताको किसिम पनि फरक फरक रहेको पाइन्छ । यस अध्ययनमा पनि सोयाङ्ग गा.वि.स.मा रहेका अपाङ्गहरुको किसिमलाई जातिगत आधारमा तालिका न.४.२ मा देखाइएको छ ।

**तालिका न.४.२ अपाङ्गताको किसिमको आधारमा वर्गीकरण**

| क.सं. | किसिम | बाह्मण/क्षेत्री | | जनजाति | | दलित | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | | |
| १ | शारिरीक | ६ | ४ | ३ | ४ | १ | - | १८ | ६२.०६ |
| २ | बहिरा | - | - | ३ | १ | - | - | ४ | १३.७९ |
| ३ | सुस्तमनस्थिति | - | १ | २ | - | १ | - | ४ | १३.७९ |
| ४ | दृष्टिविहिन | १ | - | - | २ | - | - | ३ | १०.३४ |
| जम्मा | | ७ | ४ | ८ | ७ | २ | - | २९ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०६८

तालिका नं. ४.२ मा अध्ययनको क्रममा पाइएको विवरण अनुसार शारिरिक अपाङ्गता ६२.०६ प्रतिशत वा १८ जना रहेको पाइयो । जातिगत आधारमा हेर्दा शारिरिक रुपमा अपाङ्ग हुनेमा जनाजातिको तुलनामा ब्राहमणक्षेत्रीको संख्या बढी पाइयो । त्यस्तैगरि अध्ययनमा समेटिएका बहिराको संख्या ४ जना रहेको थियो भने जातिगत आधारमा हेर्ने हो भने बहिरा जनजाति समूहमा मात्र देखियो । सुस्तमनस्थिती हुनेमा ४ जना वा १३.७९ प्रतिशत रहेकोमा जातिगत आधारमा हेर्दा सम्पूर्ण जातिहरुमा सुस्तमनस्थितीको संख्या रहेको पाइयो । अध्ययनमा प्राप्त तथ्याङ्क अनुसार ३ जना वा १०.३४ प्रतिशत व्यक्तिहरु दृष्टिविहिन रहेको पाइयो भने पुरुषको तुलनामा महिलाहरु यस किसिमको समस्याले सताइएको स्थलगत अध्ययनबाट पाइयो ।

### ४.३ अपाङ्ग भएको समयको आधारमा

अपाङ्गता भएका मानिसहरुको अध्ययनको क्रममा केहि व्यक्तिहरु भर्खरै देखि अपाङ्ग भएको पाइयो भने केहि व्यक्तिहरु जन्मसिदै अपाङ्ग भएको अध्ययनवाट पाइयो । यस अध्ययनमा संलग्न भएका व्यक्तिहरुले अपाङ्गपन भएर कति वर्ष देखि समस्या भोगिरहेका छन् भन्ने कुराको विवरण तालिका ४.३ मा देखाइएको छ ।

**तालिका न.४.३ उमेरको आधारमा अपाङ्गताको अवस्था**

| क.सं. | जातजाति | बाह्मण/क्षेत्री | | जनजाति | | दलित | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | समय | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | | |
| १ | १५वर्षमुनि | ४ | १ | २ | २ | १ | - | १० | २४.१३ |
| २ | १५देखि२४ | १ | २ | ४ | १ | - | - | ८ | ३७.११ |
| ३ | २५देखि३४ | - | २ | १ | २ | - | - | ५ | २४.१३ |
| ४ | ३५देखि५० | - | २ | १ | २ | - | - | ५ | ६.८९ |
| ५ | ५१देखिमाथि | - | - | - | - | १ | - | १ | ६.८९ |
| जम्मा | | ७ | ५ | ८ | ७ | २ | - | २९ | १०० |

स्रोतः-स्थलगत अध्ययन,२०६८

तालिका ४.३ मा अपाङ्गपनका कारण समस्या भोग्नु परेका अध्ययनमा संलग्न मानिसहरुमा १५ वर्षभन्दा कम देखि ५१ वर्षभन्दा वढि समय सम्म पनि समस्या भोग्दै आएका व्यक्तिहरु पाइयो । १५ वर्षमुनि अपाङ्गता भोग्नेमा वाहुनक्षेत्री वढी देखिन्छन् भने १५ देखि माथि समस्या भोग्नेमा जनजाति वढी देखिन्छ ।

### ४.४ अपाङ्ग हुने कारण

अपाङ्गपन एउटा विकराल समस्या हो जुन विभिन्न कारणहरुले गर्दा हुने गर्दछ ।प्राय जसो जन्मसिदै त्यस प्रकारको समस्यावाट पिडित हुन्छन् भने कतिपयले जीवनको पूर्वाद्ध तथा उतरार्धमा पनि समस्यावाट रुमलिनु परेको तितो यर्थाथ पाइएको छ । यसरी विभिन्न कारणले अपाङ्ग भएका व्यक्तिहरुको तालिका न.४.४ मा देखाइएको छ ।

**तालिका न.४.४अपाङ्ग हुने कारणका आधारमा**

| क.स. | अपाङ्ग हुने कारण | बाह्मण/क्षेत्री | | जनजाति | | दलित | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | | |
| १ | जन्मदै | ५ | २ | ५ | ३ | १ | - | १६ | ५५.१७ |
| २ | दुर्घटना | १ | १ | २ | | | - | ४ | १३.७९ |
| ३ | औषधीको असर | - | - | १ | २ | १ | - | ४ | १३.७९ |
| ४ | रोगको कारण | १ | २ | - | २ | - | - | ५ | १७.२४ |
| जम्मा | | ७ | ५ | ८ | ७ | २ | | २९ | १०० |

स्रोतः-स्थलगत अध्ययन,२०६८

तालिका नं. ४.४ मा अपाङ्ग भएका व्यक्तिहरूको अपाङ्गता हुने कारणलाई तुलानात्मक रूपमा अध्तययन गर्दा जन्मदै अपाङ्गपान भएका व्यक्तिहरूको संख्या व्राम्हणक्षेत्री र जनजाति दुवैमा धेरै पाइयो किनभने बच्चा जन्मनु भन्दा अगाडि आमाहरूको स्वास्थ्यमा ख्याल नगरिनु, कामलाई वढी प्राथमिकता दिई आराममा वेवास्ता गर्नु, अशिक्षा र भौगोलिक अवस्थाले गर्दा पनि उपचारमा ध्यान नदिइनु आदि कारणले जन्मदै अपाङ्गता हुनसक्ने

उत्तरदाताहरु बताँउछन । समग्र अध्ययनको क्रममा हेर्दा महिलाको तुलनामा पुरूषहरुमा अपाङ्गता धेरै पाइयो । त्यस्तैगरि रोगको कारणले अपाङ्ग हुने संख्या ५ जना वा १७.२४ प्रतिशत भएतापनि वाहुनक्षेत्रीको तुलनामा जनजनति र दलितमा यस किसिमको समस्या वढी पाइयो ।

## ४.५ वैवाहिक स्थिति

अपाङ्ग व्यक्तिहरु पनि समाजका सदस्यहरु हुन् । उनीहरुले पनि आफ्नो जीवन सञ्चालन तथा अरु व्यक्ति सरह वैवाहिक सम्वन्ध स्थापित गर्न चाहान्छन् तर कतिपयले अपाङ्ग भएकै कारण सम्वन्ध गाँस्न सकेका छैनन् भने कतिपयको विवाह गरिदिने खालको शारिरिक अवस्था नभएको पाइन्छ । यस अध्ययनमा पनि अपाङ्गहरुको वैवाहिक स्थिति वारेमा तालिका न.४.५मा प्रस्तुत गरिन्छ ।

**तालिका न.४.५वैवाहिक स्थितिको विवरण**

| क.सं. | उमेर समूह | विवाह गरेका | | विवाह नगरेका | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | पुरूष | महिला | | |
| १ | २० वर्षमुनि | - | - | ७ | ४ | ११ | ३७.९३ |
| २ | २० देखि ३४ | ५ | २ | १ | २ | १० | ३४.४८ |
| ३ | ३५ देखि ५० | ३ | २ | - | १ | ६ | २०.६८ |
| ४ | ५० देखि माथि | १ | १ | - | - | २ | ६.८९ |
| जम्मा | | ९ | ५ | ८ | ७ | २९ | १०० |

स्रोतः-स्थलगत अध्ययन,२०६८

तालिका नं. ४.५ अनुसार अध्ययनमा संलग्न २९ जना व्यक्तिहरू मध्ये महिलाको संख्याको तुलनामा पुरूषको संख्या औसतमा धेरै थियो भने बैबाहिक स्थितिलाई विश्लेषण गर्दा विवाह गर्नेमा हिन्दु धर्ममा आस्था राख्नेहरूले विवाहलाई महत्व दिई सम्बन्ध स्थापना गर्न पहल गरेको र कतिहदसम्म त सफल भएको पाइयो भने अन्य जातिहरूमा यो क्रम

न्यून रहेको पाइयो । अध्ययनको क्रममा पुरूषहरूको बैबाहिक सम्वन्ध गाँस्नमा अपाङ्गताले धेरै वाधा नपुचाएको पाइयो भने महिलाहरूको सम्वन्ध स्थापनामा अपाङ्गताको कारणले असर परेको पाइयो किनभने नेपाल पितृप्रधान देश भएकोले गर्दा हरेक निर्णय प्रकृयामा पुरुष संलग्न हुने गरेको र महिलालाई बञ्चितिकरणको सिकार बनाएको कारणले पनि समाजमा पुरुषलाई स्थापित हुन सजिलो र महिलालाई गाह्रो भएको पाइयो । २० वर्षमाथिका अपाङ्गहरुमा विवाह गरेका संख्यामा ९ पुरुष र ५ महिला पाइयो । विवाह गरेकाको संख्यामध्ये ५ पुरुष र ३ महिला विवाह भएपछिमात्र अपाङ्गताको शिकार भएको पाइयो भने अन्य विवाह हुनेमा सामान्य किसिमको अपाङ्गता हुने व्यक्तिहरु रहेको पाइयो ।

**४.६ शिक्षा**

शिक्षा विना मानिसले कुनैपनि किसिमको प्रगति गर्न सक्दैन । शिक्षा नै मानिसको सार तत्व हो । जसमा पनि अपाङ्गहरुलाई शिक्षाको ज्योति फैलाउनु अति नै आवश्यक हुन्छ जवकि शिक्षाले अपाङ्गपनवाट भोगेको समस्यासँग जुध्न र अपाङ्गपनवाट हुने आत्माग्लानी अन्त्य गर्न सहयोग पुचाउँछ । यसमा पनि अपाङ्गहरुले पाएको शिक्षालाई तालिका न.४.६मा प्रस्तुत गरिएको छ ।

**तालिका न.४.६शैक्षिक अवस्थाका आधारमा वर्गीकरण**

| क.सं. | शिक्षा | बाह्मण/क्षेत्री | | जनजाति | | दलित | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | | |
| १ | निरक्षर | १ | १ | १ | २ | २ | - | ७ | २४.१३ |
| २ | प्रा.वि. | ४ | - | ४ | ३ | - | - | ११ | ३७.११ |
| ३ | नि.मा.वि. | १ | ३ | २ | १ | - | - | ७ | २४.१३ |
| ४ | मा.वि. | १ | - | १ | - | - | - | २ | ६.८९ |
| ५ | उ.मा.वि. | - | १ | - | १ | - | - | २ | ६.८९ |
| जम्मा | | ७ | ५ | ८ | ७ | २ | - | २९ | १०० |

स्रोतः- स्थलगत अध्ययन, २०६८

तालिका नं. ४.६ मा अध्ययनमा संलग्न २९ जना अपाङ्गहरूमध्ये शैक्षिक स्थितिलाई जातिगत तथा लिङ्गगत रूपमा तुलनात्मक अध्ययन गर्दा पुरूषको सहभागिता वढी पाइयो जसमा पनि बाह्मण क्षेत्री परिवारमा पढ्नको लागि प्रोत्साहन गर्ने र त्यस अनुसारको वातावरण सिर्जना भएको पाइयो भने कतिपयको अपाङ्गताको स्थिति फरक खालको रहेकोले गर्दा पढ्न असमर्थ पाइयो । शिक्षा आर्जनको लागि पुरूषको सहभागिता वढी भएतापनि उच्च शिक्षामा महिलाको सहभागिता राम्रो रहेकोले महिला शिक्षामा विशेष ध्यान दिएको अध्ययनबाट प्रष्ट हुन्छ । समग्रमा हेर्दा दलित र जनजातिमा निरक्षर वढी छन् तर उच्च शिक्षामा उस्तै देखिन्छ ।

## ४.७ जातजाति

नेपाल एक जातजातिले युक्त वहुजातीय मुलुक हो । यहाँ करिव १०३ भन्दा वढी जातजाति रहेको तथ्याङ्क पाइएको छ । यस अध्ययनमा पनि विभिन्न जातजातिका अपाङ्ग मानिसहरु रहेको पाइयो जुन विवरणलाई तालिका न.४.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.७ जातजातिका आधारमा अपाङ्ग मानिसहरुको विवरण**

| क.स. | विवरण | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ब्राह्मण क्षेत्री | ७ | ५ | १२ | ४१.३७ |
| २ | जनजाति | ८ | ७ | १५ | ५१.७२ |
| ३ | दलित | २ | - | २ | ६.८९ |
| जम्मा | | १७ | १२ | २९ | १०० |

स्रोतः-स्थलगत अध्ययन,२०६८

तालिका ४.७ अनुसार उक्त अध्ययन क्षेत्रका अपाङ्ग मानिसहहरुको अध्ययन गर्दा तीन किसिमका जातजाति पाइएका थिए । तुलानात्मक रुपमा बाह्रमण क्षेत्रीको संख्या हाराहारीमा पाइयो जसले गर्दा अध्ययन क्षेत्रमा बाह्मण क्षेत्री समुदाय र जनजातिमा अपाङ्गपन समान किसिमको रहेको अध्ययनवाट पुष्टि हुन्छ ।

## ४.८ धर्म

नेपाल धार्मिक दृष्टिले धर्मनिरपेक्ष राष्ट्र हो । यहाँ कूनैपनि एक धर्मप्रति मात्र आस्था राख्नुपर्छ भन्ने एकात्मकता छैन जसले गर्दा विभिन्न धर्म मान्ने मानिसहरु रहेको पाइन्छ । यस अध्ययनमा पनि विभिन्न धर्मप्रति आस्था राख्ने अपाङ्ग मानिसहरुको वारेमा जानकारी लिइएको थियो जसलाई ४.८ को तालिकामा देखाइएको छ ।

**तालिका न.४.८ धर्मको आधारमा अपाङ्गहरुको विवरण**

| क.सं. | धर्म | बाह्मण/क्षेत्री | | जनजाति | | दलित | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | | |
| १ | हिन्दु | ६ | ३ | २ | २ | २ | १ | १६ | ५५.१७ |
| २ | बौद्ध | - | १ | २ | १ | - | - | ४ | १३.७९ |
| ३ | किराँत | - | - | ४ | ५ | - | - | ९ | ३१.०३ |
| जम्मा | | ६ | ४ | ८ | ८ | २ | १ | २९ | १०० |

स्रोतः-स्थलगत अध्ययन,२०६८

तालिका नं. ४.८ को धर्म सम्बन्धी विवरण अनुसार विभिन्न धर्म मान्ने व्यक्तिहरू पाइए जसमध्ये बौद्ध धर्म र किरँात धर्म मान्नेको तुलनामा हिन्दु धर्म प्रति आस्था राख्नेको संख्या धेरै पाइएको थियो । त्यस्तैगरी किराँत धर्म मान्नेको बाहुल्यता पनि वढी नै पाइएको जसका कारण बाह्मण क्षेत्रीहरूले उनीहरूको कुलको मान्छेलाई नाश गरेर राज गरेको भन्ने आरोप लगाई हिन्दु धर्मको आस्थाबाट अलग रहेको कुरा अध्ययनमा पाइयो । समयको परिवर्तनसँगै हिन्दु धर्मलाई त्यागेर बौद्ध धर्मतिर प्रवेश गरेको र धर्मनिरपेक्षता राष्ट्र भएकोले पनि धर्म परिवर्तन गर्न थप प्रेरणा मिलेको अध्ययनबाट पाइएको थियो ।

## ४.९ भाषा

नेपाल एक बहुभाषिक राष्ट्र हो । जसले गर्दा यहाँका अधिकांश जातजातिहरुले आ-आफ्नै मातृभाषा बोलचालको क्रममा प्रयोग गर्दछन् भने सरकारी कामकाजको लागि मात्रअनिवार्य रुपमा नेपाली भाषा प्रयोग हुन थालेको छ ।भाषिक रुपमा धनी देश नेपाल एकताको सुत्रमा वाधिएको छ । यस अध्ययनमा पनि भाषिक आधारमा अपाङ्गहरुको विवरण संलग्न गरिएको थियो जुन विवरण तालिका ४.९ मा प्रस्तुत गरिएको छ ।

**तालिका न.४.९ भाषागत आधारमा अपाङ्गहरुको विवरण**

| क.स. | विवरण | वाह्मण/क्षेत्री | | जनजाति | | दलित | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | | |
| १ | नेपाली | ७ | ५ | - | - | २ | - | १४ | ४८.२७ |
| २ | नेपाली र मातृभाषा | - | - | ८ | ७ | - | - | १५ | ५१.७२ |
| जम्मा | | ७ | ५ | ८ | ७ | २ | - | २९ | १०० |

स्रोतः-स्थलगत अध्ययन,२०६८

तालिका नं. ४.९ मा भाषिक आधारमा अपाङ्ग मानिसहरूको विवरणलाई प्रस्तुत गरिएको छ । जुन विवरण अनुसार नेपाली भाषा प्रयोगकर्ता र मातृभाषा भाषा प्रयोगकर्तावीच तुलनात्मक अध्ययन गर्दा दुवै किसिमको भाषा प्रयोग भएको पाइएता पनि बाह्मण, क्षेत्री र दलित समुदायमा नेपाली भाषा प्रयोग भएको र अन्य भाषामा कुनै पनि विज्ञता नभएको पाइयो भने धार्मिक र जातिगत आधारमा हेर्दा जनजाति समुह जुन किराँत धर्मप्रति आस्था राख्ने समुह हो उसको आफ्नै छुट्टै मातृभाषा पनि भएकोले गर्दा पारिवारिक क्रियाकलाप र आफन्तसँग बोल्दाको भाषा मातृभाषा प्रयोग गरेतापनि अन्य क्रियाकलापमा नेपाली भाषा प्रयोग गरेको पाइयो जसले गर्दा भाषिक आधारमा अन्य समुदायसँग पनि सहिष्णुता भएको पाइयो ।

## ४.१० पेशा

मानिसले जीविकोपार्जन गर्नका लागि विभिन्न किसिमका पेशाहरु अवलम्वन गर्ने गर्दछन् । बौद्धिक विकासका लागि शिक्षाको आवश्यकता भए भै आर्थिक आवश्यकताको परिपूर्ति गर्नका लागि एक एक वटा पेशा अंगालेका हुन्छन् । त्यसैले यस अध्ययनमा पनि अपाङ्गपन भएकाहरुको पेशागत विवरण संकलन गरिएको थियो । जुन विवरण तालिका ४.१० मा प्रस्तुत गरिएको छ ।

**तालिका न.४.१० पेशाको आधारमा अपाङ्गहरुको वर्गीकरण**

| क.सं. | जातजाति | बाह्मण/क्षेत्री | | जनजाति | | दलित | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | पेशा | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | |
| १ | कृषि | ५ | ४ | ३ | १ | - | - | १३ |
| २ | व्यापार | १ | - | १ | १ | १ | - | ५ |
| ३ | जागिर | - | १ | - | १ | - | - | २ |
| ४ | मजदुर | - | - | १ | १ | - | - | २ |
| ५ | वेरोजगार | - | १ | ३ | ३ | १ | - | ८ |
| जम्मा | | ६ | ६ | ८ | ७ | २ | - | २९ |

स्रोतः- स्थलगत अध्ययन, २०६८

तालिका नं. ४.१० अनुसार अपाङ्ग व्यक्तिहरूको मूख्य पेशा सम्बन्धी विवरण अनुसार सबैले आफ्नो आधारभूत अवाश्यकता परिपूर्ति गर्नका लागि आ-आफ्नो खालको पेशा अपनाएको पाइयो । जसमध्ये जाति, वर्ग र लिङ्गका आधारमा हेर्दा पुरूषले मात्र काम गर्ने महिलाले केही नगर्ने भन्दा पनि सामूहिकरूपमा पेशा व्यवसाय अंगालेको पाइयो । जनजाति समुदायको तुलनामा बाह्मण, क्षेत्रीहरूले कृषि पेशा अपनाएको अध्ययनबाट पाइएको थियो भने व्यापार र मजुदरीमा जनजाति समूह वढी आकर्षित भएको देखियो । लैङ्गिक रूपमा हेर्दा

महिलाको पहुँचमा केही सुदृढ भएको पाइयो जसमा २ जना शारीरिक रुपमा अपाङ्ग महिलाहरूले जागिरको अवसर पाएबाट सामाजिक रूपमा पनि पेशा व्यवसायमा सहयोग पाएको पुष्टि हुन्छ ।

## ४.११ स्वास्थ्य

मानिसले आफ्नो जीवन व्यतित् गर्ने क्रममा आर्थिक क्रियाकलाप, शिक्षा महत्वपूर्ण विषय भए जस्तै स्वास्थ्य पनि एउटा मुख्य पाटो हो । जब मानिस स्वस्थ हुन्छ अनिमात्र देशविकासको गतिमा उचित भूमिका खेल्न सफल हुन्छ । मानिसको लागि स्वास्थ्य नै महत्वपूर्ण धन हो । यस अध्ययनमा पनि अपाङ्ग व्यक्तिहरुको स्वास्थ्य सेवाको विवरण संकलन गरिएको थियो जुन तालिका न.४.११ मा देखाइएको छ ।

**तालिका न.४.११ अपाङ्गहरको स्वास्थ्य सुविधा सम्वन्धि विवरण**

| क्र.स. | विवरण | बाह्मण/क्षेत्री | | जनजाति | | दलित | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | | |
| १ | स्वास्थ्य उपचार पाएका | ७ | ३ | ६ | ५ | - | - | २१ | ७२.४१ |
| २ | स्वास्थ्य उपचार नपाएका | - | २ | २ | २ | २ | - | ८ | २७.५८ |
| जम्मा | | ७ | ५ | ८ | ७ | २ | ० | २९ | १०० |

स्रोतः-स्थलगत अध्ययन,२०६८

अपाङ्ग व्यक्तिहरुको अध्ययनको क्रममा निरन्तर उपचार पाउने अपाङ्गहरुमा धेरै सुधार पाइयो भने उपचार नपाउनुको कारण अध्ययन गर्दा अपाङ्गहरु डाक्टर सँग परार्मश गर्न नजाने गरेको र ४ जना अपाङ्गहरुले उपचार संभव नभएकोले उपचार नगराएको पाइयो भने कतिपयले आर्थिक अवस्थाको कारण उपचार गराउन असमर्थ भएको वताए । अध्ययनमा संलग्न २९ जना उत्तरदाताहरु मध्ये ८ जना वा २७.५८ प्रतिशतले स्वास्थ्य

उपचार नपाएको पाइयो जसमा दलित र जनजातिको संख्या धेरै पाइयो । अध्ययनको क्रममा हेर्दा जनजाति दलितको तुलनामा अपाङ्गताहरूको उपचारमा बाह्मण क्षेत्रीहरूले विशेष ख्याल राखेको पाइयो भने उपचार गराउने संख्यामा पनि पुरूष नै अलि वढी रहेको पाइयो । यस्तो हुनुमा मुख्यतया पुरुषप्रधान समाजको उपज रहेको अध्ययनबाट पाइएको थियो ।

## ४.१२ जमिन

मानिसलाई जीविकोपार्जन गर्न तथा घरवास गर्न जमिनको आवश्यकत्ता पर्दछ आफ्नो पर्याप्त जमिन भएमा त्यहि जमिनको सदुपयोग गरि अर्थोपार्जन गर्न सक्षम हुन्छ भने जमिन नभएमा वासस्थानको लागि पनि अरुमा निर्भर हुनुपर्छ । जसले गर्दा जमिनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस अध्ययनमा पनि जमीन सम्वन्धि विवरण लिइएकाले तालिका न.४.१२ मा प्रस्तुत गरिएको छ ।

**तालिका न.४.१२ अपाङ्गहरुको जमिन स्वामित्व वारेको विवरण**

| क्र.सं. | विवरण | बाह्मण/क्षेत्री | | जनजाति | | दलित | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | | |
| १ | जमिन हुने | ७ | २ | ६ | २ | १ | - | १८ | ६२.०६ |
| २ | जमिन नहुने | १ | २ | ५ | २ | १ | - | ११ | ३७.९३ |
| जम्मा | | ८ | ४ | ११ | ४ | २ | - | २९ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०६८

तालिका नं. ४.१२ अनुसार जमिनको स्वामित्व हुने र नहुनेवीचमा तुलनात्मक अध्ययन गर्दा बाह्मणक्षेत्री सँग जमिनको स्वामित्व वढी भएको र त्यही जमिनको उपभोग गरि उनीहरूले आर्थिक स्थिति सुदृढ बनाएको वा जीवीकोपार्जन गरेको पाइयो भने जनजातिहरूको बाहुल्यता रहेको त्यस ठाउँमा जमिन नुहुनेको संख्या केही मात्रामा रहेतापनि तुलनात्मक रूपमा जमिन हुने धेरै कृषि पेशामा संलग्न भएको भए तापनि जमिन नहुने

व्यक्तिहरुले व्यापार, व्यवसाय र मजदुरीमा दिनचर्या विताउने भएकाले जमिनको आवश्यकता धेरै हदसम्म महसुस नगरेको अध्ययनबाट पुष्टि हुन्छ । स्थलगत अध्ययनवाट प्राप्त विवरण अनुसार जमिनको स्वामित्व सवैभन्दा वढी पुरुषमा भएको पाइयो भने महिलाको नाममा जग्गा हुनेको संख्या ४ जनामात्र पाइयो । जातिगत आधारमा हेर्दा जमिन स्वामित्वमा जनजाति र बाहुनक्षेत्री दुवैमा समान किसिमको रहेको देखिन्छ ।

# अध्याय पाँच

## अपाङ्ग व्यक्तिहरुको पारिवारिक स्थिति तथा भोग्नु परेको समस्या

यस अध्यायमा अपाङ्ग व्यक्तिहरुको पारिवारिक स्थिति र परिवारले भोग्नु परेको समस्या र त्यस किसिमको समस्यावाट परेको प्रभाव बारे विश्लेषण गरिएको छ । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

### ५.१ जनसंख्या

कुनैपनि समुदायको सामाजिक,आर्थिक लगायत विषयको अध्ययन गर्दाउमेरगत पुरुष र महिलाको संरचनाले पारिवारिक र आर्थिक अवस्था प्रष्ट पार्दछ ।त्यसैले यस अध्ययनमा अपाङ्ग व्यक्तिहरुको पारिवारिक जकनसङ्ख्याको बारेमा अध्ययन गरिएको छ । यस अधयनमा २९ जना उत्तरदाताहरुको परिवार सङ्ख्याको अध्ययन गरिएको छ ।तालिका न. ५.१मा अपाङ्ग व्यक्तिहरुको सहित उत्तरदाताको पारिवारिक सदस्यहरुको लिङ्गगत र उमेरगत आधारमा विवरण लिइएको छ ।

**तालिका न.५.१ उमेर तथा लिङ्गको आधारमा अपाङ्ग व्यक्तिहरुको पारिवारिक सदस्यको विवरण**

**तालिका नं.५.१**

| क.स. | उमेर समूह वर्षमा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | १ देखि १० सम्म | ७ | ५ | १२ | ७.७४ |
| २ | ११ देखि १५ सम्म | ८ | १४ | २२ | १४.१९ |
| ३ | १६ देखि २० सम्म | १९ | ११ | ३० | १९.३५ |
| ४ | २१ देखि ३० सम्म | १३ | १६ | २९ | १८.७८ |
| ५ | ३१ देखि ४० सम्म | १५ | १३ | २८ | १८.०४ |
| ६ | ४१ देखि ५० सम्म | ८ | १२ | २० | १२.९० |
| ७ | ५१ देखि ६० सम्म | ४ | ३ | ७ | ४.५१ |
| ८ | ६१ दखि माथि | ३ | ४ | ७ | ४.५१ |
| जम्मा | | | | १५५ | १०० |

स्रोत:-स्थलगत अध्ययन,२०६८

यस अध्ययनमा अपाङ्ग व्यक्तिहरुको सम्पूर्ण परिवारको जानसांख्यिक विवरण लिइएको थियो । जुन विवरणले अपाङ्गहरुको पारिवारिक स्थिति आंकलन र तथ्य विवरणको जानकारी तथा परिवार भित्र हुने सम्पूर्ण कियाकलापको अध्ययनमा सहयोग पुगेको थियो । जुन विवरणमा इलाम जिल्लामा जनसंख्यासँग तुलनात्मक अध्ययन गर्ने हो भने पनि १६ देखि २० वर्षको उमेर वा युवा अवस्थाका मानिसहरूको जनसंख्या नै धेरै भएको पाइन्छ भने यसअध्ययनमा पनि विभिन्न उमेर समूहका अपाङ्ग व्यक्तिहरूको अध्ययन गर्दा प्राप्त विवरण र पारिवारिक जनसंख्यालाई तुलना गर्दा युवा अवस्थाका व्यीक्तहरूमा अपाङ्गपन वढी र पारिवारिक जनसंख्या पनि युवाहरू नै धेरै भएको पाइयो ।

### ५.२ अपाङ्ग व्यक्तिहरुको परिवारको आकार

कुनैपनि देशको विकासलाई जनसंख्याले धेरै प्रभाव पारिरहेको हुन्छ त्यस्तै एउटा परिवारमा पनि परिवारको आकारले प्रभाव पार्दछ । सानो परिवारलाई जीउँन जति सहज हुन्छ त्यस्तै ठुलो परिवारलाई त्यति धेरै सहज नहुन सक्छ । नेपाली समाजमा मुख्यतया एकल परिवार,संयुक्त परिवार तथा कहिकतै वृहत परिवार पाइएतापनि यस अध्ययनमा खासगरि २ किसिमका परिवार पाइएको थियो जसमा एकल परिवार र संयुक्त परिवार । एकल परिवारमा दुई, चार जनाको सदस्य रहन्छन् भने संयुक्तमा संगोलमा बसेका परिवारहरू हुने गर्दछन् तलिका नं. ५.२ मा अपाङ्ग व्यक्तिहरूको परिवारको वर्गीकरण देखाइएको छ ।

**तालिका न.५.२ परिवारको आकारको आधारमा अपाङ्गता भएकाको परिवारको विवरण**

**तालिका न.५.२**

| क.स. | परिवार | वाह्मण/क्षेत्री | जनजाति | दलित | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | एकात्मक | १० | १२ | २ | २४ | ८२.७६ |
| २ | संयुक्त | २ | ३ | - | ५ | १७.२४ |
| | जम्मा | १२ | १५ | २ | २९ | १०० |

स्रोतः-स्थलगत अध्ययन,२०६८

तालिका न.५.२ अनुसार अपाङ्ग व्यक्तिहरुको अध्ययन गर्दा कूल २९ जनाको परिवारको संख्या मध्ये एकात्मक परिवारमा कम्तिमा ३ सदस्य देखि ५/६ जना सम्म रहेको पाइयो भने ठुलो परिवारमा आठ सदस्य सम्म रहेको स्थलगत अध्ययनवाट पाइएको थियो । सबै परिवारमा एकात्मक परिवारको अभ्यास भएको पाइयो । जुन विवरणमा औसत परिवार संख्याको आधारमा हेर्ने हो भने एउटा परिवारमा कम्तीमा ५ देखि ६ जनासम्मको परिवार हुने गरेको पाइयो भने तुलनात्मक रूपमा हेर्दा सानो परिवारमा भन्दा ठूलो परिवारमा अपाङ्ग व्यक्तिहरूको हेरचाह र ख्याल अली राम्रो भएको पाइयो भने सानो परिवारमा घरका सदस्यहरू आ-आफ्नो काममा जाने भएकोले गर्दा पनि अपाङ्ग व्यक्तिहरूलाई पर्याप्त मात्रामा हेरचाह नहुने गरेको अध्ययनमा पाइएको थियो । अपाङ्गता भएका व्यक्तिहरूको पारिवारिक विवरणलाई तुलनात्मक रूपमा हेर्दा संयुक्त परिवारका सदस्यामा भन्दा एकल परिवारका सदस्यहरूमा अपाङ्गता वढी भएको पाइयो किनभने एकल परिवारमा बच्चा जन्मनु अघि पनि महिलाहरू वढी काममा खट्नु पर्ने र आराम कमि हुने गरेको पाइयो जसले गर्दा जन्मदै एकल परिवारमा अपाङ्गपन धेरै पाइयो भने संयुक्त परिवारमा भने एकलमा भन्दा केही सुधार भएको पाइयो जसले गर्दा पारिवारिक स्थितिको आधारमा पनि अपाङ्गपनको वारेमा जानकारी लिन सजिलो भएको थियो ।

### ५.३ अपाङ्गहरुको परिवारको शिक्षा

सभ्य समाजको विकास हुनको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । समाजमा भएका सम्पूर्ण एकाइमा सुधारात्मक परिर्वतन देखिएमा विकासको थालनी भएको मान्न सकिन्छ । शिक्षाले सामाजिक कार्यमा प्रत्यक्ष असर पार्दछ । सीप, तालिम, तथा समाजको वस्तुस्थितिको आंकलन गर्न पनि शिक्षाको भूमिका अति नै महत्वपूर्ण हुन्छ । शिक्षा विना समुन्नत समाजको कल्पना गर्न समेत सकिन्न । कुनैपनि एउटा परिवारको अविभावक शिक्षित भएमा पुरै परिवार शिक्षित हुन्छ यसरी पुरै परिवार शिक्षित भएमा समाज देखि राष्ट्र सम्म नै शिक्षाको लहर अघि बढ्छ । साक्षर निरक्षर दुवै अविभावकवाट अपाङ्गता भएका वालवालिकाको जन्म हुन सक्छ । प्रत्येक अविभावकले आफ्ना छोराछोरीलाई शिक्षा दिक्षा दिन आफू पनि सवल हुनुपर्दछ । त्यसमा पनि अपाङ्गताका लागि उसको स्थिति हेरेर शिक्षा दिनुपर्ने हुन्छ । जसकारण यी सवै कुराका लागि अपाङ्गताको अविभावक शिक्षित हुन अति नै

आवश्यक हुन्छ । त्यसैले यस अध्ययनमा अपाङ्गता व्यक्तिहरुको अविभावकको शैक्षिक विवरण लिइएको थियो । जसलाई ५.४ को तालिकामा वुवाको शैक्षिक विवरण दिइएको छ ।

**तालिका न.५.३ अपाङ्गपन भएका व्यक्तिहरुको वुवाको शैक्षिक विवरण**

| क.स. | विवरण | ब्रहामण/क्षेत्री | जनजाति | दलित | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | निरक्षर | २ | ३ | १ | ६ | २०.६८ |
| २ | साक्षर | ४ | ६ | १ | ११ | ३७.९३ |
| ३ | प्रा.वि. | २ | ३ | | ५ | १७.२४ |
| ४ | नि.मा.वि. | २ | २ | | ४ | १३.७९ |
| ५ | उ.मा.वि. | २ | १ | | ३ | १०.३४ |
| जम्मा | | १२ | १५ | २ | २९ | १०० |

स्रोतः-स्थलगत अध्ययन, २०६८

तालिका नं. ५.३ अनुसार अपाङ्गताहरूको वुवाको शैक्षिक स्थितिको वारेमा जातिगत आधारमा हेर्दा बाह्मणक्षेत्री र जनजातिहरूमा माथिल्लो तहसम्मको शैक्षिक योग्यता भएको पाइयो । यस्तै गरी दलित समुदायका व्यक्तिहरूमा शिक्षाको स्तर साक्षरसम्ममात्र भएको देखिन्छ । शैक्षिक योग्यता हुदैमा अपाङ्गता नहुने र निरक्षर हुदैमा अपाङ्ग हुने भन्ने कुरामा विशेष सम्बन्ध नभएतापनि शैक्षिक योग्यताको कारणले अपाङ्गता प्रतिको नकारात्मक सोचको अन्त्य गर्नमा महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

## ५.४ अपाङ्गहरुको आमाको शैक्षिक विवरण

समुन्नत समाजको निर्माणको लागि परिवारमा वुवाको शैक्षिक स्थितिले परिवारमा जति प्रभाव पार्दछ त्यसरी नै आमाको शिक्षाले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । परिवारका मुख्य व्यक्ति आमा, वुवा दुवै शिक्षित भएमा परिवार नै शिक्षित हुन्छ । यस अध्ययनमा पनि अपाङ्गहरुको आमाको शैक्षिक स्थिति वारेमा विवरण लिइएको थियो जुन तालिका न.५.४ मा देखाइएको छ ।

**तालिका ५.४ अपाङ्गहरुको आमाको शैक्षिक स्थिति**

| क.स. | विवरण | ब्राहमण/क्षेत्री | जनजाति | दलित | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | निरक्षर | ३ | ४ | २ | ९ | ३१.०३ |
| २ | साक्षर | ५ | ७ | | १२ | ४१.३७ |
| ३ | प्रा.वि. | १ | ३ | | ४ | १३.७९ |
| ४ | मा.वि. | ३ | १ | | ४ | १३.७९ |
| जम्मा | | १२ | १५ | २ | २९ | १०० |

स्रोतः-स्थलगत अध्ययन,२०६८

तालिका नं. ५.४ को विवरण अनुसार आमाको शैक्षिक स्थितिलाई तुलनात्मक अध्ययन गर्दा बाह्मण क्षेत्री परिवारका महिलाहरूले अन्य जातिका तुलनामा शिक्षा आर्जन गरेको पाइयो भने जनजातिहरूमा पनि पढाइप्रति केही ध्यान दिएको देखिएतापनि मा.वि. तहसम्मको पढाइमा निकै कममात्र पाइयो यस्तै गरि दलित समुदायका महिलाहरूले पारिवारिक स्थिति र आर्थिक अभावको कारणले गर्दा पढ्न नपाएको वताएका थिए ।

## ५.५ अपाङ्ग व्यक्तिहरुको अविभावकको पेशागत स्थिति

बौद्धिक विकासको लागि शिक्षाको आवश्यकत्ता भए झै जीवन निर्वाहको लागि प्रत्येक व्यक्तिले एक एक वटा पेशा अंगालेका हुन्छन् । त्यसैले यस अध्ययनमा पनि अपाङ्गताहरुको अविभावकको पेशागत विवरण लिइएको थियो । जुन विवरण ५.६ तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.५.५ अपाङ्ग व्यक्तिहरुको वुवाको पेशागत विवरण**

| क.स. | पेशाको विवरण | ब्राहमणक्षेत्री | जनजाति | दलित | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | कृषक | १० | ४ | १ | १५ | ५१.७२ |
| २ | मजदुर | - | ३ | १ | ४ | १३.७९ |
| ३ | व्यापार | - | ३ | - | ३ | १०.३४ |
| ४ | वैदेशिक रोजगार | १ | २ | - | ३ | १०.३४ |
| ५ | वेरोजगार | १ | ३ | - | ४ | १३.७९ |
| जम्मा | | १२ | १५ | २ | २९ | १०० |

स्रोतः-स्थलगत अध्ययन,२०६८

तालिका ५.५ अनुसार अपाङ्ग व्यक्तिहरुको वुवाको मुख्य पेशा सम्वन्धि प्राप्त तथ्याङ्क अनुसार सबैले आफ्नो आधारभूत आवश्यकत्ता पूर्ति गर्नको लागि विभिन्न पेशा अपनाए पनि ग्रामीण इलाकामा मुख्यतया कृषि पेशामा संलग्न रहेको पाइयो भने आफ्नो जग्गा जमिन नहुनेले मजदुरी तथा वैदेशिक रोजगार छनौट गरेको पाइयो । ४ जनाले शारिरिक अस्वस्थता तथा बुढ्यौलीका कारण कामधन्दा नगरी परिवारका अन्य सदस्य सँग आश्रित भएको पाइयो भने जातिगत आधारमा हेर्दा बाह्मण क्षेत्री समुदायका व्यक्तिहरूमा मजदुरी, व्यापार व्यवसाय भन्दा पनि कृषि पेशा अंगालेको देखियो किनभने अन्य जातिका तुलनामा यी जातिहरूमा जमिन पर्याप्त हुने र पेशाको विकल्प नहुदा बाध्यताले कृषि पेशामा संलग्न भएको पाइयो भने जनजाति तथा दलित समुदायले विभिन्न पेशा अपनाए पनि मजदुरी र व्यापारमा तुलनात्मक रूपमा बाह्मण क्षेत्री भन्दा वढी संलग्नता रहेको पाइयो ।

## ५.६ आमाको पेशागत विवरण

नेपाल जस्तो पितृप्रधान देशमा हरेक क्रियाकलापमा लोग्ने मानिस नै संलग्न हुने परिपाटी रहेको छ । जसको कारण आर्थिक भार वुवालाई मात्र पर्न जान्छ तर अहिलेको परिवर्तित समाजमा आमाको पेशाले पनि आर्थिक स्थितिलाई केहि सुदृढ हुनेमा विश्वस्त हुन सक्ने देखिन्छ । आमाहरु घरको सानोतिनो काममा नै व्यस्त रहनु पर्ने कारण ज्यालामुखी काममा कमै मात्रामा संलग्न भएका हुन्छन् । यस अध्ययनमा पनि आमाको पेशागत विवरण तालिका नं.५.६ मा प्रस्तुत गरिन्छ

**तालिका नं.५.६ अपाङ्गहरुको आमाको पेशागत विवरण**

| क.स. | पेशाको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषक | १३ | ४४.८२ |
| २ | मजदुर | ४ | १३.७९ |
| ३ | व्यापार | ४ | १३.७९ |
| ४ | गृहिणी | ८ | २७.५८ |
| जम्मा | | २९ | १०० |

स्रोतः-स्थलगत अध्ययन,२०६८

तालिका नं.५.६ अनुसार आमाको पेशागत विवरण हेर्दा धेरै जसो खेतीपातीमा संलग्न भएता पनि आर्थिक सहायतामा सहयोग पुगेको पाइयो । त्यस्तै गरि अन्य पेशा

मजदुर , व्यापार ,आदि पेशावाट पनि आम्दानी गरि पारिवारिक स्थितिलाई सहज वनाउन प्रेरणा मिलेको उतरदात्ताहरुले वताए । जातिगत रुपमा तुलनात्मक अध्ययन गर्दा ब्राहमण क्षेत्री परिवारका महिलाहरु कृषि तथा गृहणीमै व्यस्त रहेपनि जनजाति तथा दलित समुदायका महिलाहरु अन्य पेशा व्यवसायमा संलग्न भई आर्थिक रुपमा सक्षम हुने गरेको पाइयो ।

### ५.७ अपाङ्ग व्यक्तिहरुको हेरचाह सम्वन्धि विवरण

परिवारमा सवल मानिसलाई त हरेक कुरामा हेरचाहको आवश्यकत्ता पर्दछ भने अपाङ्ग मानिसहरुका लागि हरेक क्षण हेरचाह आवश्यक हुन्छ । उनीहरु अपाङ्गताको प्रकृति अनुसार शारिरिक , मानसिक, बौद्धिक लगायतका कुरामा अन्य मानिसहरु भन्दा भिन्न हुन्छन् । त्यसकारण यिनीहरुको हेरचाहमा कसले बढी ध्यान दिन्छ भन्ने कुरालाई पनि अध्ययन गरिएको थियो । जसलाई तालिका नं.५.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.७ अपाङ्ग व्यक्तिहरुलाई प्राथमिक हेरचाह गर्ने व्यक्तिको विवरण**

| क.स. | हेरचाह गर्ने व्यक्ति | बाह्मण/क्षेत्री | जनजाति | दलित | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | आमा | ६ | ११ | १ | १८ | ६२.०६ |
| २ | वुवा | २ | १ | - | ३ | १०.३४ |
| ३ | परिवारका अन्य सदस्य | ४ | ३ | १ | ८ | २७.५८ |
| जम्मा | | १२ | १५ | २ | २९ | १०० |

स्रोतः-स्थलगत अध्ययन, २०६८

यस अध्ययनमा आमाले मात्र हेरचाह गर्ने अपाङ्गहरुमा आमासँग मात्र घुलमिल हुने तथा परिवारका अन्य सदस्यहरुले हेरचाह गर्ने अपाङ्गहरुमा अरु समाजका व्यक्तिहरुसँग पनि घुलमिलता हुने र व्यवहारिक रुपमा पारिवारिक वातावरण सहज वनाउने खालको देखियो । अध्ययनको क्रममा प्राप्त तथ्याङ्क अनुसार अपाङ्गता भएका व्यक्तिहरुको हेरचाहमा ६२.०६ प्रतिशत वा १८ जना आमाहरु संलग्न रहेको पाइयो । आमाहरुले मात्र हेरचाह गर्नुपर्ने कारण हेर्दा नेपाली समाजमा घरभित्राको कार्यहरु महिलाहरुले गर्नुपर्ने बाध्यता र पितृसतात्मक समाजका कारण पुरुषहरुले हरेक पारिवारिक कार्यहरुमा महिलाहरुलाई प्रयोग

गर्ने गरेको र छोराछोरी प्रति परिवारका अन्य सदस्यको तुलनामा आमाहरुले अभिभार बोक्नु पर्ने मान्यताले गर्दा पनि आमाहरुको संग्लनता बढि पाइयो भने परिवारको अन्य सदस्यमा २७.५८ प्रतिशत प्राथमिक हेरचाह गर्ने भएतापनि वुवाको हेरचाहमा संलग्नता न्युन पाइयो ।

### ५.८ अपाङ्गता भएका व्यक्तिहरु र सामाजिक जमघट

समाजका हरेक क्षेत्रमा समाज भित्रैका मानिसहरु मिलेर गरिने कार्यहरुलाई सामाजिक कियाकलाप भनिन्छ । समाज विना मानिस एक्लो हुन्छ । जतिसुकै प्रयास गरेपनि मानिस समाजवाट अलग भएर जिँउन सक्दैन । सामाजिक कियाकलाप वा जमघट नै मानिसको बौद्धिक विकासको आधारभूत पक्ष हो । जसले गर्दा अपाङ्गपन भएका व्यक्तिहरुमा पनि सामाजिक जमघटको अति नै आवश्यकत्ता पर्दछ । सामाजिक जमघट अपाङ्गता भएकाहरुका लागि बौद्धिक विकास बढाउने मुख्य पृष्ठभूमि हुनसक्छ । त्यसैले यस अध्ययनमा पनि अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक जमघटमा समावेश गराउने गरेको छ वा छैन भन्ने वारेको अध्ययन गरिएको थियो जुन विवरण ५.९ तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.५.८ अपाङ्गहरुलाई सामाजिक जमघटमा संलग्न गराउने सम्वन्धि विवरण**

| क.स. | जमघटमा लग्ने गरेको विवरण | बाह्मण/क्षेत्री | जनजाति | दलित | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | कहिलेकाही | ३ | ३ | १ | ७ | २४.१३ |
| २ | वर्षमा एक पटक | २ | ८ | १ | ११ | ३७.९३ |
| ३ | दुई महिनामा | ३ | २ | - | ५ | १७.२४ |
| ४ | प्राय लग्ने गरेको | ४ | २ | - | ६ | २०.६८ |
| जम्मा | | १२ | १५ | २ | २९ | १०० |

स्रोतः-स्थलगत अध्ययन,२०६८

उक्त तालिकामा प्रस्तुत विवरण अनुसार अपाङ्गताहरुलाई परिवारका सदस्यहरुले राम्रो व्यवहार गरेको पाइयो । समाजमा सम्पन्न हुने विभिन्न कियाकलापमा संलग्नताले गर्दा अपाङ्गहरुमा धेरै भन्दा धेरै बौद्धिक विकास हुने र विभिन्न व्यक्तिहरु सँग घुलमिलताले गर्दा अपाङ्गतापनको महसुस गर्न नपाउने हुदाँ धेरै सहयोग पुगेको देखियो । समग्रमा हेर्दा बाह्मण क्षेत्री र जनजातिमा अपाङ्गहरुलाई सामाजिक जमघटमा समान रुपमा समावेश गराउने

गरेको पाइयो । विशेषगरी अपाङ्गहरुलाई धार्मिक कार्यहरु लगायत मनोरञ्जनात्मक कार्यक्रमहरुमा लाने गरेको अभिभावकहरु वताउछन् ।

## ५.९ अपाङ्ग व्यक्तिहरुलाई समाजले गर्ने व्यवहार

समाजमा विभिन्न प्रकारका मानिसहरु वस्ने गर्दछन् । समाज भित्रैका मानिसले सामाजिक रितिस्थिति चालचलन वसाउँने प्रकृया हुन्छ त्यसैले गर्दा समाजमा अझ सम्म पनि अपाङ्गतालाई पूर्व जन्मको पापको परिणाम सँग जोडेर हेर्ने गरेको पाइन्छ । त्यसैले यस अध्ययनमा पनि समाजले उनीहरु प्रति गर्ने व्यवहारको अध्ययन गरिएको थियो जसलाई तालिका नं.५.९ मा देखाइएको छ ।

**तालिका नं.५.९ अपाङ्गताहरुलाई समाजले गर्ने व्यवहार**

| क.स. | समाजले गर्ने व्यवहार | वाह्मण/क्षेत्री | जनजाति | दलित | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | राम्रो व्यवहार गर्ने | ९ | ९ | - | १८ | ६२.०६ |
| २ | हेला होचो गर्ने | २ | ३ | १ | ६ | २०.६८ |
| ३ | जिस्काउने/दुव्यवहार गर्ने | १ | ३ | १ | ५ | १७.२४ |
| जम्मा | | १२ | १५ | २ | २९ | १०० |

स्रोतः-स्थलगत अध्ययन,२०६८

तालिका ५.९ को विवरण अनुसार हरेक समाजमा फरक मानसिकता र फरक सोच भएका व्यक्तिहरुले अपाङ्गता भएका व्यक्तिहरु प्रति अलि वढि र्दुव्यवहार गर्ने, होचो हेला गर्ने जस्ता प्रवृति रहेको पाइयो र यस्तो गलत व्यवहार गर्नुको मुख्य कारण अपाङ्गताप्रतिको नकारात्मक सोचाइ रहेको अध्ययनवाट पाइएको थियो । यस्तै गरी जाति, वर्ग र लिङ्गको आधारमा तुलनात्मक रूपमा हेर्ने हो भने दलित तथा जनजाति समूदायका अपाङ्गताहरू बाह्मण क्षेत्री समुदायका भन्दा वढी मात्रामा दुर्व्यवहार भएको तथा होचोहेलाको शिकार भएको पाइयो किनभने माथिल्लो वर्गले अपाङ्गताहरु प्रति दोस्रो दर्जाको व्यवहार गरेको पाइयो । त्यस्तै गरि अपाङ्गता भएकाहरूमा पुरूष भन्दा अपाङ्ग महिलालाई जिस्काउने,

दुर्व्यवहार गर्ने र नकारात्मक सोच्ने कारणले गर्दा अप्ठ्यारो परेको पाइयो भने धेरै जसोले राम्रो व्यवहार गरेको उत्तरदाताहरूले बताए ।

### ५.१० अपाङ्गताको कारण अविभावकलाई परेको समस्या

अपाङ्गता भएको व्यक्ति पनि परिवारको एक अभिन्न अंग हो । उसको हरेक कियाकलापमा सहयोग पुचाउनु परिवारका प्रत्येक सदस्यको कर्तव्य हो त्यसमा पनि अपाङ्गताको हरेक समस्यामा आमाले महत्वपूर्ण भूमिका निभाएको पाइयो । उक्त अध्ययनको कममा अविभावकसँगको अर्न्तवार्तामा सवैलाई कुनै न कुनै किसिमको समस्या परेको बताए । जुन समस्याको विवरण तालिका ५.१० मा प्रस्तुत गरिन्छ ।

**तालिका ५.१० अपाङ्गताको कारण अविभावकलाई परेको समस्या**

| क.स. | समस्याको प्रकृति | वाह्मण/क्षेत्री | जनजाति | दलित | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | जीवनस्तरमा ध्यान दिन नसक्नु | ८ | ४ | १ | १३ | ४४.८२ |
| २ | समाजवाट टाढिने अवस्था | ३ | ७ | - | १० | ३४.४८ |
| ३ | अपराध बोध | १ | ४ | १ | ६ | २०.६८ |
| जम्मा | | १२ | १५ | २ | २९ | १०० |

स्रोतः-स्थलगत अध्ययन, २०६८

अपाङ्गपन भएका व्यक्तिहरुको हरेक क्रियाकलापमा ध्यान दिनुपर्ने र समय समयमा उनीहरुलाई अपाङ्गताको प्रकृति हेरि सँग सँगै वस्नु पर्ने कारणले दैनिक कामकाजमा अवरोध सिर्जना हुने भएकाले र उपचारको लागि विभिन्न ठाँउमा लगिरहनु पर्ने भएकोले गर्दा जीवनस्तरमा थप सुधारको सट्टा खस्कदो अवस्था पाइयो भने ३ जना बाहुनक्षेत्री र ७ जना जनजाति समुदायले सामाजिक कार्यहरुमा संलग्न हुन नपाएकाले गर्दा समाजवाट टाढिनु पर्ने बाध्यता रहेको बताएका थिए । यस्तैगरी अपाङ्गताको हेरचाहमा पर्याप्त समय दिनुपर्ने भएकाले १३ जना वा ४४.८२ प्रतिशतले जीवनस्तरमा ध्यान दिन नसकेको वताएका थिए । अपाङ्गताको कारण अभिभावकलाई परेको समस्याका वारेमा लिङ्गगत रूपमा हेर्दा परिवारमा

पुरूष सदस्य भन्दा पनि महिला सदस्यहरू समस्याको घेरामा परेको पाइएको थियो । धार्मिक आस्थाको कारण समस्या परेको वारे कसैले पनि धारणा नराखेकोले गर्दा धर्म मानेकै कारण पिडित हुनुपरेको देखिएन । त्यस्तैगरि तल्लो जातका व्यक्तिहरूले परिवारको सदस्य अपाङ्ग हुँदा अलिक वढी पिडा महसुस गरि अपराध बोध गरेको पनि स्थलगत अध्ययनबाट पाइएको थियो ।

## ५.११ अरु छोराछोरीलाई अविभावकले दिने समय

प्रत्येक परिवारमा आफ्ना छोराछोरी प्रति अविभावकले समान दृष्टिकोण राख्ने गरेका तथा हरेक क्रियाकलापमा समान माया व्यवहार र समय दिन चाहन्छन् र यो उनीहरुको छोराछोरी प्रति कर्तव्य पनि हो । परिवारमा अपाङ्ग भएकालाई भने अरु छोराछोरीलाई भन्दा वढी स्याहार, ख्याल राख्नुपर्ने हुँदा अन्यलाई पर्याप्त समय दिन पाउँदैनन जुन कुरालाई ५.११ को तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.५.११ अरु छोराछोरीलाई अविभावकले दिने समय**

| क.स. | समयवारे विवरण | वाह्मण/क्षेत्री | जनजाति | दलित | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सवैलाई समान समय दिने | ८ | ७ | - | १५ | ५१.७२ |
| २ | समान समय दिननसक्ने | ४ | ८ | २ | १४ | ४८.२७ |
| जम्मा | | १२ | १५ | २ | २९ | १०० |

स्रोतः-स्थलगत अध्ययन, २०६८

तालिका ५.११ अनुसार सवै छोराछोरीलाई समान समय दिन नसक्नुको कारणमा परिवारका अन्य सदस्यले अपाङ्गहरुलाई हेरचाह नगर्ने साथै एकल परिवारमा वस्ने सदस्यहरुले परिवारमा समय दिन नसक्ने जस्ता कारणहरु अध्ययनवाट पाइयो भने दलित र जनजातिका व्यक्तिहरुका परिवारमा आफ्नै पारिवारीक सदस्यहरु प्रति नकारात्मक व्यवहार गर्ने गरेकोले गर्दा पनि घरमूली मानिसनै संलग्न हुने पर्ने भएकोले समय दिन नसकेको पाइयो । त्यस्तैगरी समान समय दिनसक्ने वारेको अध्ययनमा वाह्मणक्षेत्री ८ जना र जनजाति ७ जना वा ५१.७२ प्रतिशतले समान समय दिने गरेको वताएका थिए ।

### ५.१२ अपाङ्गताको कारण अन्य छोराछोरीमा परेको समस्या

परिवारमा अपाङ्गता भएका व्यक्तिहरुमा कारण अन्य सदस्यहरुलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा केही न केही समस्याहरु तथा अप्ठ्यारापनहरु देखापरिरहेका हुन्छन् । यस अध्ययनमा पनि अपाङ्गताका दाजुभाई, दिदिवहिनीमा पर्न गएको समस्यालाई तालिका नं.५.१२ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१२ परिवारमा अन्य छोराछोरीलाई परेको समस्या**

| क.स. | समस्याको विवरण | वाह्मण/क्षेत्री | जनजाति | दलित | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | धेरै समस्या परेको छ | ३ | ९ | २ | १४ | ४८.२७ |
| २ | थोरै समस्या परेको छ | ४ | ४ | - | ८ | २७.५८ |
| ३ | कहिलेकाही समस्या पर्छ | ५ | २ | - | ७ | २४.१३ |
| जम्मा | | १२ | १५ | २ | २९ | १०० |

स्रोतः-स्थलगत अध्ययन,२०६८

अध्ययनको क्रममा उत्तरदाताहरूको भनाई अनुसार जातिगत आधारमा तुलनात्मक रूपमा हेर्दा जनजाति र दलितमा अपाङ्गताको कारण परिवारमा समस्या परेको पाइयो त्यसमा पनि महिलाहरू यस किसिमको समस्यामा रूमलिएको पाइयो किनभने महिलाहरूले हेरचाहमा वढी जिम्मेवारी बहन गनुपर्ने र स्याहार, सुसारको कार्यमा महिलाले नै गर्नुपर्ने धारणा पनि पुरूषहरू प्रति हुने कारणले गर्दा समस्या वढी पाइयो भने अपाङ्गताको कारण घरझगडा र समाजमा पनि कोही वेला तिरस्कृत हुनुपरेको कारण अन्य छोराछोरीमा नकारात्मक असर परेको पाइयो ।

### ५.१३ अपाङ्गताको उपचारले परेको आर्थिक समस्या

अपाङ्गहरु शारिरिक, मानसिक, बौद्धिक, दृष्टिविहिन लगायतका समस्याले ग्रसित हुनाले उनीहरुलाई उचित किसिमको औषधी उपचारको आवश्यकत्ता परिरहेको हुन्छ । कतिपयको त जन्मजात वा उपचार संभव नहुने रोग लागेको हुन्छ भने अन्यलाई अपाङ्गताको अवस्था र प्रकृति हेरेर विभिन्न किसिमका उपचार गराउनु पर्ने हुन्छ । जस्तै

दैनिक रुपमा थेरापी गराउनु पर्ने अवस्था हुन सक्छ भने यस्तो अवस्थामा उपचारको लागि आर्थिक स्रोत जुटाउनु पर्ने हुन्छ । आर्थिक अवस्था केहि सवल भएकालाई त सहज नै हुन सक्छ भने कमजोर आर्थिक अवस्था हुनेलाई परिवारमा प्रत्यक्ष असर परेको हुन्छ । जुन विवरणलाई तालिका ५.१३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१३ अपाङ्गताको उपचारले परिवारमा परेको आर्थिक समस्या**

| क.स. | समस्याको विवरण | ब्राहमणक्षेत्री | जनजाति | दलित | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | धेरै आर्थिक भार परेको छ | ४ | ७ | १ | १२ | ४१.३७ |
| २ | कम आर्थिक भार परेको | ३ | ५ | १ | ९ | ३१.०३ |
| ३ | आर्थिक भार नपरेको | ५ | ३ | | ८ | २७.५८ |
| जम्मा | | १२ | १५ | २ | २९ | १०० |

स्रोतः-स्थलगत अध्ययन,२०६८

यस अध्ययनमा प्राप्त विवरण अनुसार अपाङ्गताको कारण आर्थिक समस्यामा पर्नेको संख्यामा दलित र जनजातिनै बढि पाइयो किनभने आर्थिक अवस्थामा पनि ब्राहमण क्षेत्रीको तुलनामा यी जातीहरुमा कमजोरीपना पाइएको थियो । यस्तै गरि लिङ्गगत रुपमा हेर्दा पुरुषको तुलनामा महिलाहरुले आर्थिक समस्याको कारण घर व्यवहार चलाउन मुस्किल भएको अवस्थामा अपाङ्गपन भएका व्यक्तिहरुको उपचारमा धेरै खर्च लाग्ने भएकोले चरम आर्थिक भार परेको बताएका थिए । अध्ययनमा संलग्न २९ उत्तरदातामध्ये १२ जना वा ४१.३७ प्रतिशतले धेरै आर्थिक भार परेको वताए जसमा वाह्मणक्षेत्री भन्दा दलित र जनजाति वढी रहेको पाइयो ।

## ५.१४ अविभावकको अपाङ्गहरुको भविष्य प्रतिको अवधारणा

अविभावकले आफ्नो परिवारका सदस्यहरुको वारेमा सोच्नु स्वाभाविकै हो त्यसमा पनि वालवालिकाहरु केहि गर्न असक्षम र अस्वस्थ छन् भने त झन् चिन्ताको विषय नै बन्छ । यस्ता अपाङ्गता भएकाहरुको जीवन अवधिभर आफुले पनि संरक्षण गरिरहन नसक्ने अवस्थाले गर्दा अविभावकले सही व्यवस्थापन प्रदान गर्न खोजिरहेका हुन्छन् ।

अपाङ्गताहरुलाई व्यवसायिक तालिम दिएर आफ्नो खुट्टामा आफै उभिने, अविभावक नभएकालाई तालिम केन्द्रमा राख्ने,संघ संस्था वा सरकारले केहि गरिदिन्छ कि भन्ने अविभावकहरु अध्ययनको कममा पाइएको थियो भने कतिपयले यस प्रकारको सोच नभएको वताए । भविष्य निर्माणमा हरेकको आ-आफ्नो जिम्मेवारी हुन्छ । यस अध्ययनमा पनि अपाङ्गताहरुको भविष्यको लागि जिम्मेवारीका वारेमा विभिन्न दृष्टिकोणहरु उत्तरदाताहरुवाट प्राप्त भएको थियो । जुन तलको तालिकामा देखाइएको छ ।

**तालिका नं.५.१४ जिम्मेवारी आधारमा उत्तरदाताहरुको दृष्ट्रिकोणको विवरण**

| क.स. | जिम्मेवार पक्षको विवरण | वाह्मण/क्षेत्री | जनजाति | दलित | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | आमा वुवा | १ | २ | - | ३ | १०.३५ |
| २ | दाजुभाई दिदिवहिनी | २ | २ | - | ४ | १३.८० |
| ३ | संघ संस्था | ४ | ३ | १ | ८ | २७.५९ |
| ४ | सरकार | ३ | ७ | - | १० | ३४.४९ |
| ५ | माथि उल्लेखित सवै | २ | १ | १ | ४ | १३.८० |
| जम्मा | | १२ | १५ | २ | २९ | १०० |

स्रोतः-स्थलगत अध्ययन,२०६८

अध्ययनको कममा उत्तरदाताले अपाङ्गताको लागि संघसंस्था र सरकारले शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका कुरामा विशेष प्राथमिकता दिनुपर्ने कुराहरु १८ जना उत्तरदाताले वताएका थिए भने १० प्रतिशतले आफुले जन्म दिए पछि सम्पूर्ण जिम्मेवारी आफैले वहन गर्नु पर्ने वताएका थिए । समग्रमा हेर्दा अपाङ्गहरुको लागि सामाजिक सुरक्षाको व्यवस्था हुनुपर्ने देखिन्छ ।

# अध्याय-६

## सारांश, मुख्य प्राप्तिहरु तथा सुझाव

### ६.१ सारांश

प्रस्तुत अनुसन्धान "अपाङ्ग मानिसहरूको सामाजिक आर्थिक अवस्था" इलाम सोयाङ्ग गा.वि.स.का अपाङ्गहरुको अध्ययनसँग सम्वन्धित छ । यसले अपाङ्गहरुका प्रमुख समस्याहरूलाई उठान गरेको छ ।

समाजले अपाङ्ग व्यक्तिहरूलाई हेर्ने दृष्टिकोण कस्तो छ साथै परिवारका सदस्यहरूले उनीहरू प्रति गर्ने कर्तव्य पुरा गरेका छन् या छैनन् ? अपाङ्गताको कारण परिवार तथा समाजले के कस्तो समस्या भोग्नु परेको छ ? अध्ययनमा समेटिएका व्यक्तिहरू तथा उक्त व्यक्तिहरूको परिवारको आर्थिक, सामाजिक, शैक्षिक तथा पारिवारिक अवस्था कस्तो छ ? जस्ता विषयलाई यस अध्ययनमा समेटिएको छ ।

यस अनुसन्धानको उद्देश्य इलाम सोयाङ्ग गा.वि.स.मा रहेका अपाङ्गहरूको आर्थिक, सामाजिक अवस्था अध्ययन गर्ने, अध्ययन क्षेत्रका मानिसहरूको परिवारमा उनीहरूको प्रभाव विश्लेषण गर्नु, अधययन क्षेत्रका अपाङ्गता भएका मानिसहरूको शैक्षिक, सामाजिक अवस्थाको विश्लेषण गर्नु रहेका थिए ।

यस अध्ययनका क्रममा विभिन्न अनुसन्धान विधिहरूको प्रयोग गरिएको थियो । त्यस मध्येमा दुइवटा अनुसन्धान ढाँचा मूख्यतया प्रयोगमा ल्याइएको थियो जस अर्न्तगत वर्णानात्मक अनुसन्धान ढाँचा र खोजमूलक अनुसन्धान ढाँचा रहेका छन् । अध्ययन क्षेत्रको रूपमा अनुसन्धान कर्ताले इलाम जिल्लाको सोयाङ्ग गा.वि.स. लाई लिइएको थियो । यस अनुसन्धानमा अनुसन्धाकर्ताद्वारा दैविक नमूना छनोट गरि अपाङ्गता भएका व्यक्तिहरूको प्रकृति हेरि भिन्नाभिन्नै समूह विभाज गरि कुल २९ जना व्यक्तिहरूको तथा उनीहरूको अभिभावहरूबाट जनगणना विधि अपनाई तथ्याङ्क संकलन गरिएको थियो । यस अध्ययनका लागि तथ्याङ्क प्राथमिक र द्वितीय स्रोतवाट संकलन गरिएको थियो भने जसअर्न्तगत अर्न्तवार्ता अनुसुची, अवलोकन र प्रश्नावली माध्यमहरू अपनाइएको थियो । यस अध्ययनको क्रममा संकलित तथ्याङ्कहरूलाई आवश्कता अनुसार व्याख्या र विश्लेषण गरियो र

संख्यात्मक सूचनाहरूलाई तलिका प्रयोग गरी व्याख्या गरिएको छ । यस अध्ययनमा अपाङ्ग व्यक्तिहरुको अवस्था र उनीहरुको परिवारको अवस्थालाई विशेष महत्व दिई अनुसन्धान गरिएको थियो ।

## ६.२ मुख्य प्राप्तिहरु

यस अध्ययनमा लिइएको २९ जना अपाङ्ग व्यक्तिहरूको दैनिकी देखि उनीहरुको आर्थिक, सामाजिक, राजनैतिक, धार्मीक, वैवाहिक स्थिति, उपचारका कुराहरु साथै पारिवारिक पृष्ठभूमि लगायतका सम्पूर्ण विषयहरुको अध्ययन गर्ने क्रममा विभिन्न तथ्याङ्कहरु संकलन गरिएको थियो जसले गर्दा उनीहरुको वारेमा सम्पूर्ण विवरणहरु बुझ्न सहज भएको थियो यसकारण उनीहरुको अध्ययनवाट पाइएको मुख्य प्राप्तिहरुलाई यहाँ समावेश गरिएको छ ।

यस अध्ययनमा संलग्न २९ जना व्यक्तिहरुमा २० वर्षमुनिका ११ जना वा ३७.९३ प्रतिशत, २० देखि ३४ वर्षका १० जना वा ३४.४८ प्रतिशत, ३५ देखि ५० वर्षका ६ जना वा २०.६८ प्रतिशत र ५० देखि माथिका २ जना वा ६.८९ प्रतिशत रहेको अध्ययनवाट पाइएको थियो ।

अपाङ्गताको प्रकृति अनुसार अध्ययन गर्दा शारिरिक अपाङ्गता भएकामा बाह्मणक्षेत्री १० जना, जनजाति ७ जना र दलित १ गरी १८ जना वा ६२.०६ प्रतिशत, वहिरा ४ जना वा १३.७९ प्रतिशत जनजाति मात्रै रहेको पाइयो भने सुस्तमनःस्थितिमा ४ जना वा १३.७९ प्रतिशत र दृष्टिविहिनमा ३ जना वा १०.३४ प्रतिशत रहेको थियो ।

अपाङ्गपनको समस्या भोग्नेवारेको अध्ययन गर्दा १५ वर्ष वा सो भन्दामुनि अपाङ्गपन व्यतित गर्ने १० जना वा ३४.४८ प्रतिशत रहेको पाइयो भने १५ देखि ३५ वर्षसम्म अपाङ्गपनको समस्या भोग्नेमा १३ जना वा ४४.८३ प्रतिशत रहेको थियो भने ५१ वर्ष भन्दा माथि समस्या भोग्नेमा १ जना मात्र अध्ययनवाट पाइएको थियो ।

यस अध्ययनमा पनि कूल २९ जना मध्ये १६ जना उत्तरदाता वा ५५.१७ प्रतिशतले जन्मदैदेखि अपाङ्गपनको समस्या भोग्नु परेको थियो भने दुर्घटनाको कारणले ४ जना वा

१३.७९ प्रतिशत, औषधीको कारण ४ जना वा १३.७९ प्रतिशत र रोगको कारणले ५ जना वा १७.२४ प्रतिशत व्यक्तिहरु अपाङ्गता भएको पाइएको थियो ।

वैवाहिक स्थितिको आधारमा हेर्दा २० वर्षमुनिका कोही पनि विवाहित पाइएनन् भने २० देखि ५० वर्ष भित्रका व्यक्तिहरुमा १४ जना वा ४८.२७ प्रतिशत विवाहित पाइए भने ३ जना वा १०.३४ प्रतिशत व्यक्तिहरु अविवाहित रहेको अध्ययनवाट पाइएको थियो ।

यस अध्ययनमा संलग्न २९ जना उत्तरदाताहरुको शैक्षिक स्थिति हेर्दा २४.१३ प्रतिशत वा ७ जना निरक्षर पाइयो जसमा बाहुनक्षेत्रीको तुलनामा जनजाति र दलितमा धेरै थिए भने प्रा.वि.तह सम्म अध्ययन गर्ने ११ जना वा ३७.११ प्रतिशत, नि.मा.वि.सम्म अध्ययन गर्ने ७ जना वा २४.१३ प्रतिशत, मा.वि.तह सम्म शिक्षा हासिल गर्ने २ जना वा ६.८९ प्रतिशत र ६.८९ प्रतिशत वा २ जनाले उच्च शिक्षा हासिल गरेको पाइएको थियो । उच्च शिक्षामा बाह्मणक्षेत्री र जनजातिमा समान देखिएको थियो ।

अध्ययनमा संलग्न जातजातिको विवरण अनुसार बाह्मण, क्षेत्री, जनजाति र दलित गरि चार किसिमका जातजाति पाइएका थिए । जस अन्तर्गत १२ जना वा ४१.३७ प्रतिशत बाह्मण क्षेत्री, १५ जना वा ५१.७२ प्रतिशत जनजाति र ६.८९ प्रतिशत वा २ जना दलित समुदायका व्यक्तिहरु अध्ययनमा समावेश भएका थिए । धर्मको आधारमा हेर्दा हिन्दु ५५.१७ प्रतिशत, बौद्ध १३.७९ प्रतिशत र किराँत ३१.०३ प्रतिशत रहेको पाइयो ।

भाषिक दृष्ट्रिकोणको आधारमा हेर्दा अध्ययन क्षेत्रका अपाङ्गहरु मध्ये ४८.२७ वा १४ जनाले नेपाली भाषा प्रयोग गरेको पाइयो भने ५१.७२ प्रतिशत वा १५ जनाले नेपाली र मातृभाषा दुवै प्रयोग गरेको अध्ययनवाट पाइएको थियो । नेपाली र मातृभाषा दुवै प्रयोग गर्नेमा जनजाति समूहमात्र रहेको थियो ।

अपाङ्गहरुको पेशागत विवरणलाई हेर्दा कृषि पेशामा ४४.८२ प्रतिशत, व्यापारमा १३.७९ प्रतिशत, जागिरमा ६.८९ प्रतिशत, मजदुरीमा ६.७९ प्रतिशत रहेको पाइयो भने २७.५१ प्रतिशत व्यक्तिहरु वेरोजगार रहेको पाइएको थियो । त्यस्तैगरि अध्ययनमा संलग्न २९ जना मध्ये ७२.४१ प्रतिशत वा २१ जना व्यक्तिहरुले स्वास्थ्य उपचार पाएको पाइयो भने २७.५८ प्रतिशत वा ८ जना व्यक्तिहरु उपचारवाट वञ्चित रहेको पाइयो । जमिनको स्वामित्व आफ्नो हुने र नहुने वीचको अध्ययन गर्दा ६२.०६ प्रतिशत वा १८ जना व्यक्तिहरु

जमिन हुनेमा परेका थिए भने ३७.९३ प्रतिशत वा ११ जना व्यक्तिहरु जमिन नहुनेमा परेका थिए ।

यस अध्ययनमा लिइएको २९ जना अपाङ्गताहरुको परिवारको सदस्यसंख्या १५५ जना रहेको पाइयो भने एउटा परिवारमा कम्तीमा ३ जना र वढीमा ८ जना सम्म सदस्य संख्या रहेको पाइयो । त्यस्तै ८२.७६ प्रतिशत उत्तरदात्ताको एकल परिवार र १७.२४ प्रतिशतको संयुक्त परिवार रहेको छ ।

यस अध्ययनमा अपाङ्गताको वुवा, आमाको शैक्षिक स्थितिको वारेमा विवरण लिइएको थियो जुन विवरणमा वुवाको शैक्षिक स्थिति हेर्दा साक्षर, निरक्षर, उच्च शिक्षा सर्वेखाले पाइएको थियो जसमा  निरक्षर २०.६८ प्रतिशत वा ६ जना रहेका थिए भने ३७.९३ प्रतिशत वा ११ जना साक्षर, १७.२४ प्रतिशत वा ५ जना प्रा.वि.तह सम्म अध्ययन गरेका थिए त्यस्तैगरि १३.७९ प्रतिशत वा ४ जना नि.मा.वि. र उच्च शिक्षामा १०.३४ प्रतिशत रहेको थियो । आमाको शैक्षिक स्थिति हेर्दा निरक्षरमा ३१.०३ प्रतिशत, साक्षरमा ४१.३७ प्रतिशत र मा.वि.तह सम्म शिक्षा हासिल गर्नेमा १३.७९ प्रतिशत रहेको पाइयो ।

अपाङ्गताहरूको वुवाहरूले कृषि, मजदुर, व्यापार, बैदेशिक रोजगार जस्ता पेशाहरू अंगालेको पाइएतापनि सबैभन्दा वढी ५१.७२ प्रतिशत कृषि पेशामै संलग्न भएको पाइयो । त्यस्तै गरि आमाहरूको पेशागत विवरण अनुसार कृषक ४४.८२ प्रतिशत, मजदुर १३.७९ प्रतिशत र घरको काम गर्ने वा गृहिणीको भूमिकामा हुनेमा २७.५८ प्रतिशत रहेका पाइयो ।

यस अध्ययनमा पनि २९ जना अपाङ्ग व्यक्तिहरूको उपचारबारेको विवरण हेर्दा ७२.४१ प्रतिशतले उपचार पाएको पाइयो भने २७.५८ प्रतिशतले उपचार नपाएको पाइयो । उपचार नपाउनेमा वाह्मणक्षेत्रीको तुलनामा जनजाति र दलित वढी रहेको अध्ययनवाट पाइएको थियो ।

अभिभावकलाई परेको समस्या हेर्दा ४४.८२ प्रतिशतले जीवनस्तरमा ध्यान दिन नसकेको र ३४.४८ प्रतिशतले समाजबाट टाढिनु पर्ने अवस्था रहेको वताएका थिए भने अपाङ्गताको कारण अभिभावकले अरू छोराछोरीलाई समय दिननसक्नेमा ५१.७२ प्रतिशत र समय वरावरी दिन सक्नेमा ४८.२७ प्रतिशत पाइयो । जातिगत आधारमा हेर्दा समयको

सन्तुलन मिलाउन नसक्दा बाह्मणक्षेत्रीको परिवारमा भन्दा जनजाति र दलितमा समस्या वढी भएको पाइयो ।

अपाङ्गता भएकाहरूको उपचारले परिवारमा परेको आर्थिक समस्याको वारेमा अध्ययन गर्दा धेरै आर्थिक भार पर्नेमा ४१.३७ प्रतिशत, कम आर्थिक भार पर्नेमा ३१.०३ प्रतिशत र आर्थिक भार नपर्नेमा २७.५८ प्रतिशत रहेको थियो भने अपाङ्गताको भाविष्यप्रतिको अवधारणाको वारेमा अध्ययन गर्दा सरकार जिम्मेवार हुनुपर्नेमा सवैभन्दा वढी ३४.४९ प्रतिशत रहेको पाइयो भने संघसंस्थाले पनि जिम्मेवारी वहन गर्नुपर्छ भन्ने पक्षमा २७.५९ प्रतिशत रहेको थियो ।

समग्रमा अध्ययनको क्रममा प्राप्त विवरणलाई हेर्दा अपाङ्गता एउटा समस्याको रूपमा वढ्दो स्थितिमा रहेको कारणले गर्दा बेलैमा सजग भई उनीहरू प्रति उत्तरदायित्व वहन गर्न सम्बन्धित पक्ष लाग्नु पर्ने आजको मूख्य आवश्यकता रहेको पाइयो ।

## ६.३ निष्कर्ष

अपाङ्गताको विश्व परिवेशमा बढ्दो स्थिति र यसको समाधानको लागि प्रभावकारी कदम चाल्नु आजको आवश्यकता भएको सन्र्दभमा नेपाल जस्तो विकासोन्मूख देशमा अपाङ्गहरुका लागि उचित किसिमको शिक्षा, तालिम, रोजगार जस्ता अति आवश्यक कुराहको सर्वसुलभ रुपमा पहुँच बढाउनु आवश्यक देखिन्छ । अपाङ्गताहरुलाई राष्ट्रका विभिन्न अङ्गहरुमा सर्वसुलभ रुपमा प्रंतिनिधित्व गराई देश विकासको हरेक पक्षमा सघाऊ पुऱ्याउनु विभिन्न संघ/संस्था तथा सरकारी निकायहरुको प्रमुख दायित्व रहेको छ । नेपाल जस्तो कृषि प्रधान देशमा अधिकाश. मानिसहरुले कृषि प्रधान देशमा अधिकाशं मानिसहरुले कृषि पेशालाई जीवन निर्वाहको महत्वपूर्ण साधनको रुपमा लिइरहेको अवस्थामा अपाङ्ग भएकाहरुले जीवन निर्वाहको लागि मुख्य रुपमा कृषि पेशामा नै आश्रित हुनुपरेको बाध्यात्मक परिस्थिति रहेको छ । अपाङ्गताको प्रकृति हेरी सामान्य किसिमको अपाङ्गता भएकाहरुले पेशा व्यवसाय सञ्चालन गर्न सर्मथ भएपनि गम्भीररुपमा अपाङ्गता भएकाहरुले अरु व्यक्तिहरु वा परिवारका सदस्यहरुसँग परनिर्भर हुनुपर्ने देखिन्छ । पेशा व्यवसाय गर्नका लागि स्रोत, साधन हुनेका लागि केहि सहज भएतापनि साधनहरु पर्याप्त नहुनेका लागि मगन्ते भएर पिडादायी जीवन विताउनु पर्ने अवस्थाका कारण हरेक क्षेत्रमा अप्ठ्यारो र

असहज देखापरिरहेको छ । जसले गर्दा हत्या, हिसां र अपराधमा बृद्धि हुने अवस्था दिनानु दिन बढेको पाइन्छ भने शैक्षिक योग्यताको अभावले गर्दा अपाङ्गता मनोवैज्ञानिक रुपमा विचलन उत्पन्न भई नकारात्मक क्रियाकलाप तर्फ अग्रसर भएको पाइन्छ । अपाङ्गताहरुलाई परिवारका सदस्यहरुले केहि मात्रामा प्रोत्साहन गरेपनि धेरेजसो परवारमा अपाङ्ग प्रति दुर्व्यवहार, हेलाहोचो र तिरस्कृत गर्ने गरेको कारणले गर्दा परिवार, समाज अनि राष्ट्रनै असफलताको नजिक पुग्ने अवस्था देखिन्छ । यसले गर्दा अपाङ्गताका लागि आर्थिक सामाजिक, शैक्षिक लगायतका क्षेत्रमा पहुँच बढाई देश विकासको हरेक क्रियाकलापमा सँगै सँगै अघि बढाएमा भोलिका दिनमा अपाङ्गहरुले पनि विशेष योगदान पुऱ्याउन सक्ने कुरालाई नर्कान सकिन्दैन । जसले गर्दा अपाङ्गताको हकहित र सामाजिक सुरक्षाको लागि सम्पूर्ण क्षेत्रले पहलकदमी लिनुपर्ने अध्ययनबाट पाइयो ।

# सन्दर्भसूचि

*Ghimire, Manish* 2010 Relevent vocational Trannings for the persons with Disabilities in Nepal, technical and vocational education and tranning development journal -volume-1 [July 2010], kathmandu.

World Health Organization, 2006 International classification of Health and disability ( IFC) World Health Organization

Handicap International Nepal2004, Disable people's international asia pacific regional council kathmandu declaration 2004, maharanjung, kathmandu

अपाङ्ग महासंघ, २०५६, *अपाङ्ग निर्धारण परिभाषा* । काठमाण्डौ,:राष्ट्रिय अपाङ्ग महासंघ नेपाल ।

राष्ट्रिय अपाङ्ग महासंघ,२०६३ *अपाङ्ग सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना,* काठमाण्डौ:राष्ट्रिय अपाङ्ग महासंघ नेपाल ।

अपाङ्ग आवाज राष्ट्रिय मासिक २०६६, *अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण निर्देशिका,* काठमाण्डौ:अपाङ्ग आवाज राष्ट्रिय मासिक ।

नेपाल सरकार,२०३९,*अपाङ्ग संरक्षण तथा कल्याण ऐन,* काठमान्डौ । नेपाल सरकार तथा राष्ट्रिय अपाङ्ग महासंघ भृकुटी मण्डप नेपाल ।

सयुक्त राष्ट्रसंघ १९९४,*अपाङ्गहरुका लागि औसर समानीकरण सम्वन्धी प्रामाणिक नियमहरु* , सयुक्त राष्ट्रसंघ ।

नेपाल सरकार,२००३, *एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको विस्तारित दशक-२००३-२०१२,* महिला वालवालिका तथा समाजकल्याण मन्त्रालय काठमान्डौ ।

उपाध्याय,इन्द्रप्रसाद, *२०६६, वार्षिक प्रतिवेदन* (तथ्याङ्क संकलनकर्ता), काठमान्डौः राष्ट्रिय अपाङ्ग महासंघ भृकुटी मण्डप नेपाल ।

*नेपालमा अपाङ्गता सम्वन्धी संक्षिप्त जानकारी तथा सो सम्वन्धी संस्थाहरको विवरण,२०६०,* नेपाल सरकार महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय पुर्नस्थापना र विकासको लागि स्रोत केन्द्र भक्तपुर ।

पोखेल, विरेन्द्रराज ( ०६६/०६७),*रुपान्तरण चौमासिक, वर्ष १५ अंक २* राष्ट्रिय अपाङ्ग महासंघ नेपाल ।

नेपाल सरकार,२०५३, *विशेष शिक्षा नीति,* काठमान्डौः नेपाल सरकार

नेपाल सरकार,२०६४,*विशेष अपाङ्ग शिक्षा शाखा वुलेटिन,* सिहदरवार काठमान्डौ ।

नेपाल सरकार,२०६२, अपाङ्गता विषयमा वनेका ऐन, नियम, नीति, निर्देशक र अन्तराष्ट्रिय घोषणाहरुको संग्रह नेपाल सरकार, महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय सिहदरवार काठमान्डौ ।

शर्मा एण्ड शर्मा,२०६६, *कक्षाकोठामा मनोविज्ञान,* एम.एड.प्रथम वर्ष,विद्यार्थी पुस्तक भण्डार काठमान्डौं ।

सुस्तमनःस्थिति कल्याण संस्था,२०६०,*सुस्तमनःस्थिति एक परिचय,* । सुस्तमनःस्थिति कल्याण संस्था, सिनामंगल काठमान्डौं ।

*संयुक्त राष्ट्रसंघ, १९७१, बौद्धिक अपाङ्ग व्यक्तिका अधिकार सम्वन्धी घोषणा पत्र* काठमान्डौ युनिसेफ नेपाल

नेपाल सरकार, २०६६, जिल्ला विकास समिति कार्यलय, इलाम

## अपाङ्गता भएता व्यक्तिहरुको सामाजिक, आर्थिक अवस्थाको अध्ययन
## इलाम जिल्ला सोयाङ्ग गा.वि.स.का अपाङ्ग व्यक्तिहरुको अध्ययन
## सोयाङ्ग, इलाम

*अपाङ्ग व्यक्तिहरु तथा उनीहरुको परिवारको लागि तयार पारिएको प्रश्नावली*

प्रश्नावली संख्या.................................................

अपाङ्गता भएको व्यक्तिको नाम..................................

अभिभावकको नाम

.................................................................................................................

.................................................................................................................

### समूह क
सामाजिक, आर्थिक, शैक्षिक तथा अन्य

१. तपाइइको नाम ?

..........................................................................................................

..........................................................................................................

२. कति वर्षको हुनुभयो ?

..........................................................................................................

३. तपाईको अपाङ्गताको किसिम

..........................................................................................................

४. कहिले देखि

..........................................................................................................

५. के कारणले भए जस्तो लाग्छ ?

..........................................................................................................

६. तपाईको मुख्य आयस्रोत के हो ?

..........................................................................................................

६ कसरी खर्च पुचाउदै हुनुहुन्छ ?

..........................................................................................................

७ आफ्नै आम्दानीले खर्च पुग्छ ?

क) पुग्छ ख) पुग्दैन

८. आर्थिक भार परेको छ ?

क) छ ख) छैन

९. यदि छ भने कहाँवाट बेहोर्दै हुनुहुन्छ ?

..........................................................................................

१०. तपाईको जग्गा जमिन कति छ ?

..........................................................................................

११. आफ्नै उत्पादनले पुग्छ ?

क) पुग्छ ख) पुग्दैन

१२ यदि पुग्दैन भने कसरी चलाउनुहुन्छ ?

..........................................................................................

१३ .शिक्षा

..........................................................................................

१४ .कस्तो किसिमको शिक्षा पाउनु भएको छ ?

क) औपचारिक ख) अनौपचारिक ग) बिशेष शिक्षा घ) अन्य

१५. यदि छैन भने किन पाउनुभएन ?

..........................................................................................

१६. जात

..........................................................................................

१७ भाषा

..........................................................................................

१८ धर्म

..........................................................................................

१९ वैवाहिक स्थिति

..........................................................................................

२० .स्वास्थ्य सेवा पाउनु भएको छ ?

क) छ        ख) छैन

२१. यदि छ भने कसले गरेको छ ?

...............................................................................................

२२ .कसरी

...............................................................................................

२३. अपाङ्गता भएको कारणले कस्तो अनुभव गर्नुभएको छ ?

...............................................................................................

२४. समाजमा तपाईलाई अन्य व्यक्तिले कस्तो व्यवहार गर्छन् ?

...............................................................................................

२५ .के अपाङ्ग भएको व्यक्तिहरुले ख्याल राख्नु पर्छ ?

...............................................................................................

२६ .अपाङ्ग सम्वन्धी कुनै कार्यक्रममा संलग्न हुनुभएको छ ?

...............................................................................................

२७ भविष्यको बारेमा केहि सोच्नु भएको छ ?

...............................................................................................

२८. अन्य केहि भए ?

...............................................................................................

## समूह ख

### अभिभावकको लागि प्रश्नावली

### पारिवारिक प्रवाह/असरहरु

१. अपाङ्ग भएको व्यक्तिसँग तपाईको नाता ?

क) आमा   ख) बुवा   ग) अन्य

२. तपाईको घरमा जम्मा कति सदस्य अपाङ्ग छन् ?

क) १   ख) २   ग) भन्दा वढि भए

३. अपाङ्गताको किसिम ?

...............................................................................................

४. अपाङ्ग हुनुको मुख्य कारण के हो ?

क) वंशानुगत ख) कुनै रोग लागेर ग) औषधीको असर घ) अन्य

५. कहिले देखि

.......................................................................................................

६. अपाङ्गता भएको व्यक्तिको उपचार भएको छ ?

क) छ ख) छैन ग) कहिलेकाही

७. अपाङ्ग भएका व्यक्तिहरुको ख्याल राख्नु पर्छ ?

क) पर्छ ख) पर्दैन

८ .यदि पर्छ भने कुन प्रकारले ?

क) खाना ख) स्याहार ग) पोषण घ) उपचार

९. अपाङ्ग भएको व्यक्तिको हेरचाह धेरै जसा कसले गर्छ ?

क)आमा ख) बुबा ग) दाजुभाई घ) अन्य

१०) अपाङ्गता भएका व्यक्तिहरूलाई हेर्नुपर्ने कारणले अरू काममा बाधा पुगेको छ,?

.......................................................................................................

११) यदि व्यक्ति छ भने कस्तो अनुभव गर्नुभएको छ ?

.......................................................................................................

१२) परिवारको संदस्य अपाङ्गता भएकाले गर्दा अरु छोराछारीलाई कतिको समय दिन सक्नु भएको छ ?

.......................................................................................................

१३) अपाङ्गता भएको सदस्यको कारण अन्य क्हि असर भएको छ ?

.......................................................................................................

१४) छ भने के समस्या रहेको छ ?

.......................................................................................................

१५) अपाङ्ग भएको व्यक्तिहरुलाई सामाजिक जमघटमा लग्ने गर्नुभएको छ ?

छ) ख)छैन ग)कहिलेकाही

१६) कहाँ लग्ने गर्नुभएको छ ?

.......................................................................................................

१७) यदि गर्नुभएको छैन भने किन ?

.....................................................................................................

१८) साथीभाईबाट कस्तो प्रतिकया आउँछ ?

.....................................................................................................

१९) उनीहरुको भविष्यको बारेमा केहि सोच्नुभएको छ ?

.....................................................................................................

२०) के गर्दा तपाईलाई र अपाङ्गतालाई सहज हुन्छ ?

.....................................................................................................

२१) यस क्षेत्रमा अपाङ्गताको लागि केहि कार्यकम भएको छ ?

.....................................................................................................

## समूह ग

सम्पूर्ण अपाङ्ग तथा उत्तरदाताको विवरण

| क.स. | नाम | उमेर | लिङ्ग | अभिभावकको नाम | नाता |
|---|---|---|---|---|---|
| | | | | | |